रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।

# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ३, अङ्क ५, पूर्णाङ्क १०० | २०७४ असार २१ गते बुधबार | Wednesday, 05 July 2017 | www.eratokhabar.com | मूल्य रु. १०

क्रान्तिकारी कम्युनिस्ट पार्टी, क्यानाडाद्वारा प्रकाशित सामग्रीको नेपाली अनुवाद – बहसको लागि प्रस्तुत

**अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको नयाँ आम-कार्यदिशा**

अन्तर्वार्ता पृष्ठ ३

## शर्मापछि महतको पालो
## कांग्रेसभित्र महतको चर्चा




■ **रातो खबर संवाददाता**/काठमाडौं

रामशरण महतको आशीर्वादमा उच्च ओहदामा पुऱ्याइएका आन्तरिक राजश्व विभागका निलम्बित महानिर्देशक चूडामणि शर्मापछि पूर्व अर्थमन्त्री रामशरण महत अख्तियारको फन्दामा पर्ने सम्भावना बढ्दै गएको छ । शक्तिकेन्द्रहरू रामशरणलाई बचाउने र फसाउने खेलमा भित्रभित्रै भालेजुधाइ गरिरहेको बताइन्छ । जेठ १९ गते कर निर्धारणमा अनियमितता गरेको आरोपमा पक्राउ परेका शर्मा बिहीबार ३ अर्ब २ करोड धरौटी रकम माग गरीएको छ । सुवेदीले १० अर्बभन्दा बढी अनियमितता गरेको आयोगको पूर्वानुमान छ । धरौटी रकम नबुझाए उनी जेल जानेछन् । आयोगले शर्मालाई अनुसन्धानरतः विषयमा प्रमाण नष्ट गर्न सक्ने आशंका गर्दै पक्राउ गरी अनुसन्धान जारी राखेको हो । २ वर्षअघि अर्थमन्त्री रामशरण महतले कर फछ्र्योट आयोग गठन गरी संयोजक लुमध्वज महत (एलडी महत) र सदस्य उमेश ढकाल तथा सदस्य सचिव चूडामणि शर्मालाई नियुक्त गरेका थिए ।

... बाँकी पृष्ठ ७ मा

# माफियाको कब्जामा काठमाडौं

■ **रातो खबर संवाददाता**/काठमाडौं

बाहिरबाट हेर्दा नेपालमा विरोधी शासन, कानुनको राज, लोकतन्त्र, प्रेस स्वतन्त्रता सबैथोक छ । समाज सरल ढंगले चलिरहेझैं लाग्छ तर गहिरिएर हेर्दा समाज व्यवस्थाको भित्री जीवन अर्कै छ । चिन्तन, शैली र व्यवहार अर्कै छ । औपचारिक अर्थमा कानुन, व्यवस्थामा एउटा छ; वास्तविका जीवन अर्कै ढंगले चलिरहेको छ । 'रेड एरिया' को रात्री जीवनजस्तै अनैतिक ढंगले चलिरहेको छ राजधानी काठमाडौंमा ।

सार्वजनिक छबि बनाएका र कानुनी राजको डम्फु बजाउने सरकार र राजकीय निकायमा पहुँच भएकाहरूले नै त्यसप्रकारको धन्दा चलाइरहेका छन् । भोला रिजाल एकजना चर्चित चिकित्सक हुन् । उनको मुख्य लगानीमा चावहिलमा ओम नर्सिङ होम चलिरहेको छ । सो नर्सिङ होमले वार्षिक २९ लाख जग्गा बहाल कर तिर्नुपर्ने हुन्छ तर उनले ६ लाख मात्र राजश्व तिर्ने गरेका छन् । २३ लाख राजश्व ठगी कसरी भइरहेको छ त ? उनले नर्सिङ होम निर्माण गर्दा टुक्रा-टुक्रामा खरिद गरेको जग्गाको




आजसम्म अलग-अलग राजश्व तिर्छन् । सयौं रोपनी जग्गा एउटै संस्थाको वास्तविक स्वामित्वमा हुने तर कानुनी रूपमा अलग-अलग भएपछि थोरै जग्गाको राजश्व दर नै कम छ । साना जग्गा धनीका लागि व्यवस्था गरिएको प्रावधानलाई नाम चलेका ठालु संस्थाहरूले दुरुपयोग गरेका छन् । काठमाडौंसहित देशका प्रमुख सहरका नाम चलेका संस्था र व्यक्तिहरूले त्यसरी नै राजश्व छली गरेका छन् । प्रचलित कानुनले देख्दैन । आम सामाजिक चेतना अभिवृद्धिका लागि सञ्चारको ठूलो महत्व छ । व्यावसायिक उपादेयताका लागि खुलेका सञ्चारहरूले गर्ने सामाजिक दायित्व अपूर्ण हुन सक्छ । त्यसकारण सरकारी तथा अर्ध-सरकारी संस्थाहरूले सामाजिक दायित्व निर्वाह गर्नका लागि सेवामूलक (नाफारहित) उद्देश्यले सञ्चार चलाउँछन् । काठमाडौं महानगर पालिकाले त्यही उद्देश्यले मेट्रो एफएम सञ्चालन गरेको थियो । अहिले मेट्रो एफएमले महानगरपालिकाको करोडौं सुविधा पाइरहको छ । सो एफएम घाटामा चलेको भन्दै निजी क्षेत्रलाई बेच्ने प्रपञ्च चलिरहेको छ । निजी क्षेत्रलाई बेच्ने पहुँचवालाले आफ्नै मान्छेलाई टेण्डर पार्ने, आफैंले चोरबाटोबाट लगानी गर्ने, मेट्रो एफएमका प्रमुख व्यक्तिले नै समानान्तर रेडियो चलाएर स्रोत र

... बाँकी पृष्ठ ७ मा

# चीन-भारत तनाव उत्कर्षतिर

■ **रातो खबर संवाददाता**/काठमाडौं

भारतीय प्रम मोदी अमेरिका भ्रमणमा निस्किएको बेला भारतीय सेना चीनको तिब्बत क्षेत्रमा प्रवेश गरेर उपद्रव गरेको छ । तिब्बत-सिक्किम सिमानामा पर्ने नाथुला भञ्ज्याङमा भारतीय सेना पसेर उपद्रव गरेको चीनको आरोप छ । चिनियाँ अधिकारीहरूले भारतीय सेनाले सीमामा चिनियाँ सेनाको नियमित काममा समेत वाधा पुऱ्याएकोले त्यसप्रकारका उत्तेजनात्मक हर्कत बन्द गर्न भनेको छ । चीनले भारतलाई नाथुला भञ्ज्याङबाट आफ्नो सेना फिर्ता लग्न चेतावनी दिएको छ । उता भारतले पनि चीनलाई भारतीय भूमिमा चिनियाँ सेनाको घुसपैठ भएको आरोप लगाइएको छ । नाथुला भञ्ज्याङको बाटो भएर भारतीय तिर्थालुहरू तिब्बत जाने गर्दछन् । सन् १९६७ मा त्यही क्षेत्रमा चीन-भारत युद्ध भएको थियो । यो सीमा विवाद केही वर्ष यताकै चीन-भारत ठूलो विवाद हो । चिनियाँ अधिकारीहरूले भारतलाई यस्तो हर्कत



नरोके शान्ति भङ्ग हुने चेतावनी दिएका छन् । उता भारतले सिक्किमस्थित २ वटा भारतीय सेनाका बङ्कर चिनियाँ सेनाले नष्ट गरेको आरोप लगाएको भने चीनले तिब्बतमा सडक विस्तारमा भारतीय सेनाले अवरोध गरेको आरोप लगाएको छ । बाटोका तिर्थालुलाई बीच बाटोमा नै फर्कनुपरेको छ । दुवै पक्ष संयमित भएर कुनै पनि बेला झडक हुनसक्ने खतरा छ । मोदी अमेरिका भ्रमणमा रहेकै बेला चर्किएको यो विवादलाई भने विश्लेषकहरूले अर्थपूर्ण रूपमा हेरेका छन् ।

# यसकारण चुनाव खारेज गर्नु जरुरी थियो

■ **अम्बिका चन्द**/काठमाडौं

सरकार स्थानीय निकायको चुनाव घोषणा गरेर त्यसलाई पर्वको रुपमा मनाउन लाग्ने बेला नेकपा आठौं महाधिवेशनमा जुटेको थियो । सवै सरकारी संयन्त्रहरूको प्रयोग सहित सरकार चुनावी अभियानमा जुट्यो भने नेकपा त्यसको विरुद्ध बहिस्कार तथा खारेजीको प्रचारात्मक अभियानमा जुट्यो । त्यसपछि तराईका विभिन्न सशस्त्र समूह र वैदेशिक चलखेल भन्दा सरकारले नेकपाका पर्चा पम्पलेट बोकेका नेता कार्यकर्ताहरूलाई खतरनाक ठान्यो ।

निर्वाचनको मिति आउनुभन्दा करिब २ हप्ता अघिदेखि नै नेकपाका नेता कार्यकर्ताहरू प्रशासनको निशानामा परे । दुई चरणको निर्वाचन हुनेवेलासम्म ५ सयको हाराहारीमा नेकपाका नेता कार्यकर्तालाई प्रहरीले पक्राउ गऱ्यो । यद्यपि सरकार र नेकपा दुवैले यसको आधिकारिक तथ्य सार्वजनिक गरेका छैनन् । कतिपय नेता कार्यकर्ताहरूलाई झुट्टा मुद्दामा फसाईदा अहिलेसम्म पनि जेलमा छन् ।

सरकारले स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन गाँउ-गाँउमा अधिकार पुऱ्याउने भनेको बेला नेकपा र त्यसका जनवर्गीय संगठनहरू किन वहिस्कार तथा खारेजी अभियानमा लागे त? नेकपा निकट अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष पूर्णबहादुर सिंह भन्नुहुन्छ-'गाँउ-गाँउमा सिहंदरवार भन्ने दलहरूले दिएको नाराको अर्थ भनेको सिहंदरवारबाट दलालहरूको अखडा गाँउ-गाँउसम्म विस्तार गर्नु हो । झट्ट हेर्दा त्यो नारा जनताको पक्षमा देखिए पनि यो खासमा दलाल र ठेकेदारहरूको पक्षमा मात्र छ ।' विद्यार्थीहरूको हक हित र अधिकारका पक्षमा संघर्ष गर्ने संगठन अखिल क्रान्तिकारी हो । तर किन माउ पार्टीको चुनावी खारेजी अभियान लागेको हो त? अध्यक्ष सिहंको थप भनाई छ-'शिक्षामा नीजिकरण र व्यापारिकरणको खग्रास ग्रहण लागेको छ । त्यसबाट मुक्त गर्नको लागि शिक्षामा आमूल परिवर्तन जरुरी छ, त्यो वर्गीय मुक्तिबाट मात्र सम्भव हुने हुदा नेकपाको नीति अनुरुप विद्यार्थी संगठन पनि चुनाव खारेजी

... बाँकी पृष्ठ ७ मा

# मुग्लिन-नारायणगढ यात्रा खतरापूर्ण



■ **रातो खबर संवाददाता**/काठमाडौं

राजधानी काठमाडौंलाई बाँकी देशसँग जोड्ने र देशको दोस्रो ठूलो सहर तथा पर्यटकीय केन्द्र पोखरालाई तराईसँग जोड्ने मुग्लिन-नारायणगढ सडक स्तरोन्नतिको प्रयाससँगै यात्रुका लागि भयानक कहर मात्र नभएर ठूलो आर्थिक क्षतिसमेत भएको छ । गएको चैत्र २१ गते सुख्खा पहिरोमा परेर २ जनाको मृत्यु भएको थियो । घुमाउने नजिक सुख्खा पहिरो सडकमा खस्दा घटना भएको थियो । एक लेनको सो सडक २०३३/३४ सालमा चीन सरकारको सहयोगमा गोरेटो (ट्र्याक) खोलिएको थियो । बढ्दो चाप र दुर्घटनाका कारण एसियाली विकास बैंक (एडीबी) को सहयोगमा सो सडक स्तरोन्नति गरी दुई लेन बनाउने प्रयास जारी छ । घुमाउने र १६ किलो २ स्थान सर्वाधिक जोखिमपूर्ण छ । यी भरतपुर महानगरपालिका- १६ मा पर्छन् । जुन नारायणगढबाट २२ कि.मी र मुग्लिनबाट १४ कि.मी. दुरीमा छन् । नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात आयोजनाअन्तर्गत यो काम भइरहेको छ । २०७१ साल चैतबाट दुई वर्षमा काम सक्नेगरी सो कार्यक्रम सुरु भएको हो । हालसम्म ५०% मात्रै काम सकिएको र

... बाँकी पृष्ठ ७ मा

# हरिबहादुर कुँवरको स्मृतिमा

**देश/परिवेश**

■ क. प्रकाण्ड



क्रान्तिकारी नेता तथा १० वर्षको महान् नेपाली जनयुद्धद्वारा उत्पादित उदीयमान जनसहित्यकार क. राजकुमार (राजबहादुर कुँवर) ले नेपाल राष्ट्र र नेपाली जनताको महान् सहिद हरिबहादुर कुँवरको स्मृतिग्रन्थ प्रकाशनार्थ अथक मिहिनेताका साथ तयारी गरिरहनुभएको रहेछ । असार पहिलो हप्ता मलाई भेटेर उहाँले यो सुखद् सन्देश सुनाउनुभयो, अनि मलाई मन्तव्य लेख्न पनि भन्नुभयो । भावुकता र सहर्षताको योगमा मैले लेख्छु भनेँ । जनताका छोराछोरीले देशको मुक्ति र जनताको आजादीका निम्ति गरेको त्याग र बलिदानीलाई उच्च सम्मान र प्राथमिकताका साथ ऐतिहासिक तथा जनसाहित्यिक दृष्टिकोणबाट पुँजीकृत गर्न समर्पित क. राजकुमारलाई सर्वप्रथम सगौरव विशेष धन्यवाद ज्ञापन गर्दछु किनकि जनताको मुक्ति र स्वतन्त्रताका निम्ति जनताले आँसु, रगत र पसिनाबाट रचना गरेको इतिहास एवम् साहित्यको द्वन्द्वात्मक भौतिकवादी लेखन देश र जनताको मुक्ति आन्दोलनका निम्ति महत्वपूर्ण आधार हुन्छ । तसर्थ, यो सामान्य कार्य नभएर विशिष्ट महत्वको कार्य हो ।

केन्द्रीय राज्यसत्ताको वर्गीय उत्पीडनको उपज कर्णाली प्रदेशमाथिको क्षेत्रीय उत्पीडनका विरुद्ध जनताको क्रान्तिकारी संघर्षको इतिहासमा २०६३ सालयताको शान्ति प्रकृयाको पछिल्लो चरणमा आफ्नो अमूल्य जीवन कर्णाली र कर्णालीवासी जनताको मुक्तिको निम्ति अर्पण गर्ने कर्णालीको महान् सपूत वीर सहिद हरिबहादुर कुँवर हो । सर्वप्रथम उहाँलाई स-सम्मान भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । देशको मुक्ति र नेपाली जनताको राजनीतिक स्वतन्त्रतासँग अभिन्न रूपले गाँसिएको कर्णाली प्रदेशको आन्तरिक स्वाधीनता एवम् जनताको मुक्तिको निम्ति सहिद हरिबहादुर कुँवरको सपना पूरा गर्न अधुरो नेपाली क्रान्तिलाई निर्णायक विन्दुमा पुऱ्याउन आफूलाई पूराकापूरा समर्पित गर्ने दृढ प्रतिवद्धतासमेत व्यक्त गर्दछु ।

पृथ्वीनारायण शाहको एकीकृत तथा केन्द्रीकृत सामन्ती राज्यसत्ता निर्माणको राजनीतिक रणनीतिद्वारा सञ्चालित बहादुर शाहको फौजी हमलामा परी कर्णाली विजित भएपछि ऐतिहासिककालदेखि नै कर्णाली क्षेत्र र यहाँका जनताको समस्यालाई केन्द्रित गरेर बहस, छलफल र

... क्रमशः पृष्ठ ६ मा

## सम्पादकीय

# गैरसरकारी संस्थाको नियत

सत्तापलट र सैन्य हस्तक्षेपद्वारा कमजोर तथा साना देश कब्जा गर्ने वा समानान्तर सरकार चलाउने पुरानो शैली असफल भएपछि साम्राज्यवादी देशहरूले गैरसरकारी संस्थाको परिकल्पना गरेका थिए । शान्ति र विकासको नाममा उनीहरूले बर्दी नलगाई समानान्तर सरकार चलाउने गरेका छन् । त्यसकारण गैरसरकारी संस्थाहरू बदनाम पनि हुँदै गएका छन् ।

भारत सकारले देशको स्वार्थ विरुद्ध क्रियाशील भएको आरोपमा सन् २०१६ मा २० हजार गैरसरकारी संस्थामाथि प्रतिबन्ध लगाएको थियो । त्यसबाहेक १४ हजार गैरसरकारी संस्थाको नविकरण गरेर फिर्ता जान बाध्य पारिएको थियो । भारत सरकारले सन् २०५० मा 'फरेन कन्ट्रीब्युसन रेगुलेसन एक्ट २०१०' पारित गरेको थियो । गैरसरकारी संस्थामाथि नियन्त्रण गर्न ल्याइएको सो कानुनको विरुद्ध उठेका स्वरहरूको जवाफमा तत्कालीन भारतीय गृहमन्त्रीले "राष्ट्रिय सुरक्षामा आघात पुग्ने कुरामा सम्झौता गरिंदैन" भनेका थिए ।

चीनमा धर्म, मानवअधिकार, विकास अनेक नामधारी गैरसरकारी संस्थाहरू जन्मिरहेका छन् । जति गैरसरकारी संस्थाहरू थपिन्छन् । त्यति नै हङकङ ताइवान र तिब्बतमा समस्याहरू थपिइदै गएको चिनियाँ अधिकारीहरूको बुझाइ छ । त्यसकारण गैरसरकारी संस्थाहरू नियन्त्रण गर्न चीन सरकारले सन् २०१७ मा नयाँ कानुन पारित गरेको छ । जसअन्तर्गत ७ हजार गैरसरकारी संस्थाहरूमाथि प्रतिबन्ध लागिसकेको छ । ताइवान, हङकङ, मकाउमा मानवअधिकार, धार्मिक, जातीय, प्रश्न उठाएर मूलभूमि चीनका विरुद्ध षड्यन्त्र भइरहेको चिनियाँ अधिकारीहरूको आशंका छ । चीन सरकारले गत वर्ष हङकङमा भएको उपद्रव पछि गैरसरकारी संस्थाहरूमाथि निगरानी बढाएको छ ।

नेपालमा सन् २०१४ को सरकारी तथ्यांकअनुसार २६ देशका ३९ हजार ७५१ वटा गैरसरकारी संस्थाहरू दर्ता भएका छन् । जसमा १८९ वटा अन्तर र्राष्ट्रिय गैरसरकारी संस्थाहरू छन् । २०१४ यताको ३ वर्षमा त्यो संख्यामा ५५ प्रतिशत वृद्धि भएको आँकलन छ । जसले हरेक विषयमा विदेशीको विचार र संस्कृतिको जनमत निर्माण गर्ने, धर्म प्रचार गर्ने र आञ्चलिकताका विरुद्ध घृणा फैलाउने गरिरहेका छन् । यस्तो घृणा फैलाउने कार्यलाई 'घृणा-अपराध' भनिन्छ । जाति, धर्म, संस्कृति, भाषाका विरुद्ध घृणा फैलाएर गृहयुद्धतिर धकेल्ने र हतियार बेचेर व्यापारघाटा घटाउने अथवा आर्थिक संकट टार्ने अमेरिकी रणनीति नयाँ होइन ।

गैरसरकारी संस्थाहरूले समाजका टाठाबाठा र बेरोजगार युवाहरूलाई पाल्ने, विदेश भ्रमण गराउने, उपभोक्तावादी र चरम स्वार्थी तथा लम्पट बनाउँछन् । परनिर्भरता र दासत्व निर्माण गर्छन् । त्यसप्रकारको लम्पट जनशक्तिले व्यक्तिगत स्वार्थका लागि देश बेच्न, सूचना विदेशीलाई दिन, देशका विरुद्ध गुप्तचरी गर्न तयार हुन्छन् । राजनीतिक परिवर्तन र क्रान्तिले होइन कि भिख मागेर समाज सुधार गर्न सकिन्छ भनेर हावादारी मानसिकता पैदा गर्छन् । त्यसकारण संसारभरि गैरसरकारी संस्थाको विरुद्ध कानुन बन्न थालेका छन् । हालै इजिप्टले गैरसरकारी संस्था विरोधी कानुन निर्माण गरेको छ ।

रुसले सन् २०१५ मा गैरसरकारी संस्था नियन्त्रण ऐन पारित गरेको छ । रुसी राष्ट्रपति पुटिनले विदेशी दलालहरूलाई फुक्काफाल चलखेल गर्न नदिने घोषणा गरेका छन् । सन् २०१५ मे १५ मा पुटिनले "राष्ट्रलाई विथोल्न खोज्नेहरू हाम्रा परम सत्रु हुन् । त्यस्तालाई हामीले चिनेका छौँ" भनेका थिए । त्यसबाट गैरसरकारी संस्थाका विषयमा रुसी सरकारको हेराइ सजिलै बुझ्न सकिन्छ । सन् १९९८ मा फिनल्याण्डमा दर्ता भएको 'किओस्' नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई श्रीलंकाली सरकारले देश निकाला गरेको थियो । श्रीलंकाबाट निकालिएको सो संस्था नेपालमा दर्ता गरेर तिब्बती शरणार्थीलाई उचाल्ने कार्य गरेको थियो ।

गैरसरकारी संस्थाहरूको विकास दोस्रो विश्वयुद्धयता भएको भए पनि धेरै अगाडिदेखि अस्तित्वमा थिए । सन् १६२८ मा क्रिस्चियन पादरीहरू नेपाल प्रवेश गरेका थिए । उनीहरूको मूल काम धर्म प्रचार गरेर जनमत बनाउनु, सूचना चोर्नु, शासक गुटका बीचमा छिद्रहरू खोजेर घुसपैठ गर्नु थियो । सुरुमा हुँआ काब्राल र त्यसपछि मार्कोपोलो नेपाल प्रवेश गरेका थिए । पादरीहरूकै सिफारिसमा अंग्रेजले एउटा राज्यका विरुद्ध अर्को राज्यलाई हतियार र सेना उपलब्ध गराउँथ्यो । त्यही नीति लिएर ब्रिटिस भारतले सारा स-साना स्वतन्त्र देश निलिसकेको थियो । त्यो बुझेका पृथ्वीनारायण शाहले काठमाडौं जित्नासाथ सन् १७२८ मा दुईजना पादरीसहित उनीहरूका सहयोगी ५७ जनालाई देश निकाला गरेका थिए । नेपालका छिमेकी देशहरूले गैरसरकारी संस्थाका विरुद्ध निगरानी र नियन्त्रण बढाइरहेका बेला नेपालमा पनि गैरसरकारी संस्था नामक विदेशी दलालका विरुद्ध कडा कदम चाल्न आवश्यक छ । गैरसरकारी संस्थाको मूल उद्देश्य नै हस्तक्षेपका लागि जनमत तयार गर्नु हो र बर्दीधारी सेनाको भूमिका पूरा गर्नु हो । शान्ति र विकाससँग त्यसको कुनै नाता छैन ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# परतन्त्रमुखी भारतीय सञ्चार


**रोमिला थापार**

*कतिले आदिवासीका गाउँमा गएर उनीहरुसँग छलफल गरे होलान् ? नक्सलवादलाई तिमीहरु किन समर्थन गर्छौ भनेर कतिले सोधे होलान् ? नक्सलवादीमा संलग्नलाई नसोधेर त्यो प्रश्न सधैं दिल्लीमा बस्नेहरुलाई सोधिन्छ । जवाफ पनि उनीहरुले नै दिन्छन् । अपवादबाहेक सबै त्यही गर्छन् । सञ्चार माध्यमको काम त्यस्तो झूर भूमिकामा सीमित रहने होइन ।*

हामी सबै जनाजस्तै म पनि दिक्क छु । हाम्रो देशको अवस्थाले मात्र होइन, विश्वव्यापी अवस्थाले दिक्क छु । ट्रम्पको चुनावी यात्रा करिब-करिब त्यसको सुरुआत थियो । हामीले सधैँभरि प्रशंसा गरिरहने आलोचनात्मक सोधखोज अहिले किन गुमाइरहेका छौँ ? हामी सधैँ निर्वाचनमा आश्रित भयौँ । प्रतिनिधित्वमा भर पर्‍यौँ । जनताको प्रतिनिधित्व र तिनको विचारको प्रतिनिधित्व कसरी गर्ने र अझ हामी बहुमतीय चलनमा विश्वास गर्‍यौँ । हामीलाई यत्ति नै पर्याप्त छ कि अझ परसम्म पुग्नु छ ? शक्तिमा आएकाहरूले आफू निम्न वर्गीय मानिसको समर्थनले माथि पुगेको हो भन्ने बुझ्नुपर्छ कि पर्दैन ? एक तिहाइ त खास बहुमतीय मत पनि होइन तर प्रक्रिया यस्तो छ कि उनीहरूलाई शक्तिमा आउनै परेको छ । ट्रम्पले पाएको मत पनि उल्लेख्य मत होइन ।

अधिकार र लोकतन्त्र नै आधारभूत संस्था हुन्, तिनलाई प्रभावकारी कसरी बनाउने भन्ने कुरा राम्ररी सोच्नुपर्दछ । तिनलाई अझ प्रतिनिधिमूलक बनाउने, मानिसलाई अझ सहभागितामूलक कसरी बनाउनेभन्दा पनि मत (भोट) जम्मा गर्ने कुराले प्राथमिकता पाएको छ । जनताको मतलाई कसरी बलियो बनाउँछौँ भनेर सोच्न आवश्यक छ । मतलाई अझ पनि उत्साहित कसरी गर्ने भन्ने प्रश्न हो । मतदान गर्दिनँ भन्नेहरू पनि छन् । यिनीहरूलाई कसरी सम्बोधन गर्ने भन्ने प्रश्न छ ।

अमेरिका प्रजातान्त्रिक मुलुक मात्र होइन, अत्यन्तै शिक्षित समाज भएको देश पनि हो । हाम्रोमा चाहिँ शिक्षामा के समस्या भयो ? 'बच्चालाई के पढाइरहेका छौँ ?' भनेर धेरैले सोध्ने गर्छन् । त्यो प्रश्न सोधेर बच्चालाई सूचना दिइरहेका हुन्छौँ । पूर्व निर्धारित प्रश्न र तयारी उत्तर दिइरहेका हुन्छौँ । शैक्षिक व्यवस्थाको मूल पक्ष भनेको बच्चालाई आलोचनात्मक ढंगले सोच्न सिकाउने र प्रश्न गर्न सिकाउने पनि हो । हामीले त्यसो गररहेका छैनौँ । हाम्रा मन्त्रीहरू भन्छन्- "तिमीहरूको प्रश्न सोध्ने अनुमति छैन ।"

शिक्षाको उद्देश्य आम मानिसलाई आलोचनात्मक प्रश्न गर्न प्रशिक्षण दिनु हो । जबसम्म प्रश्न गर्ने नागरिक राज्यले जन्माउन सक्दैन तबसम्म लोकतन्त्रको बौद्धिक बहसमा आम मानिसको सहभागिता हुन एकदम गाऱ्हो हुनवाला छ । एकदम महत्वपूर्ण छ । अमेरिकामा एकदम राम्रा विद्यालयहरू छन् तर उनीहरू के पढाउँदैछन् ? त्यहाँका नागरिकहरूले आलोचनात्मक सोच विद्यालयमा अध्ययन गर्न थालेपछि मात्रै आउँछ ? धेरैजसो अमेरिकी शैक्षिक क्षेत्रमा त्यत्ति पनि छैन । त्यसैले, जन्मजातै सुन्दर ठानिने प्रजातान्त्रिक व्यवस्थाका संस्थाहरूलाई अहिले हामीले चनाखो भएर हेर्नुपर्छ, अझ आलोचनात्मक दृष्टिले हेर्नुपर्छ । शासन व्यवस्थामा चनाखो दृष्टि लगाउनुपरेको छ । र, शिक्षाविद् र अन्यले के जान्नुपर्‍यो भने यसका लागि सार्वजनिक बौद्धिकले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।

मैले नागरिक बौद्धिकले महत्वपूर्ण भूमिका हुन्छ भनिरहेकी छु । उनीहरूलाई कसरी बुझ्ने ? उनीहरू कुनै पेशामा हुन्छन् । आफ्नो पेशामा उनीहरू सम्मानित पनि हुन्छन् । उनीहरू पेशामा नभएका पनि हुन सक्छन् । ती पत्रकार, डाक्टर, वैज्ञानिक पनि हुन सक्छन् । उनीहरूले गर्ने प्रचार तडकभडकपूर्ण नभएर विश्वसनीय होस्, उनीहरूले घोक्रो सुकाएर होइन, विस्तारै बोलोस् । प्रभावकारी र तथ्यपरक होस् । उनीहरू नैतिक बल भएका हुनुपर्छ । जब कि आजको राजनीतिक क्षेत्रमा तीव्र रूपमा स्खलित छ । शासन सञ्चालनमा पनि त्यो गुमाइरहेका छौँ । शिक्षामा पनि गुमाइरहेका छौँ । यो काम नैतिक हो कि होइन भनेर सोच्न छोडिरहेका छौँ । त्यही प्रश्न सोधाइमा नै नागरिक बौद्धिकको आवश्यकता छ । समाजसँग उनीहरूको सम्बन्ध छ । नागरिक समाजसँग उनीहरूको सम्बन्ध छ । आम नागरिकको अधिकार, कर्तव्य र बाध्यताहरूसँग पनि सम्बन्ध हुन्छ । उनीहरूको प्रश्नलाई अघि ल्याइएको छैन । ल्याउनैपर्ने हुन्छ । नागरिक बौद्धिकताले आम नागरिकको अधिकार रक्षा गर्न लाग्नैपर्छ । त्यो काम असाध्यै महत्वपूर्ण छ । जब आम मानिसहरूलाई अनैतिकताले घेर्छ, हल्ला खल्लाले हैरान बनाउँछ, त्यसबाट रक्षाको प्रश्न आधारभूत प्रश्न बन्न जान्छ । त्यस्तो संकटको बेला बुद्धिजीवीहरूले 'माफ गर्नुस्, यो मेरो काम होइन' भन्नुहुँदैन ।

मैले टेलिभिजनहरू किन हेर्न छोडें भने ती असाध्यै अपाच्य हुन थाले । टेलिभिजन अगाडि उभिएर यस्तो कसरी गर्न सकेका भनेर कराउनेबाहेक केही गर्न सकिन्न । थुप्रै सञ्जालहरू त जानीजानी फाल्तु समाचार प्रशारण गर्छन् । तीनमा प्रश्न सोध्न पाइन्न । कतिले आदिवासीका गाउँमा गएर उनीहरूसँग छलफल गरे होलान् ? नक्सलवादलाई तिमीहरू किन समर्थन गर्छौ भनेर कतिले सोधे होलान् ? नक्सलवादीमा संलग्नलाई नसोधेर त्यो प्रश्न सधैँ दिल्लीमा बस्नेहरूलाई सोधिन्छ । जवाफ पनि उनीहरूले नै दिन्छन् । अपवादबाहेक सबै त्यही गर्छन् । सञ्चार माध्यमको काम त्यस्तो झूर भूमिकामा सीमित रहने होइन । हुन सक्छ कसैले भन्न सक्छन्, सञ्चारको काम मनोरञ्जन उपलब्ध गराउनु मात्रै हो । जुन कुरा म स्वीकार्न सक्दिनँ । सञ्चार सूचनाको माध्यम हो भने त्यसैले धेरै काम गर्नुपर्छ । त्यसले गम्भीर छलफल गर्नुपर्दछ । मैले हरेक पटक सञ्चारकर्मी भेट्दा तिमीहरूले छलफलको स्तर किन बढाउँदैनौँ भनेर सोध्ने गरेकी छु । विषयविज्ञसँग साँझमा आधा घन्टा भए पनि किन छलफल चलाउँदैनौँ ? उनीहरूको जवाफ हुन्छ त्यसो गर्दा ग्राहक दर्शक गुमाउनुपर्दछ ।

पाठकको माग केही परिष्कृत कुरा दिएर पनि पूरा गर्न सकिन्छ । जस्तो कि फ्रेन्च टेलिभिजनले आधा घन्टा पुस्तक समीक्षा कार्यक्रम चलाउँछन् । उनीहरूले कुनै एउटा पुस्तक लिएर तीनजनाका बीचमा बहस चलाउँछन् । त्यो कार्यक्रम निकै लोकप्रिय भएको छ । फ्रान्स अति शिक्षित नभएर औसत शिक्षित देश हो । अन्य युरोपियन देशहरूजस्तै फरक फरक पाठकले हेरेर बसेका हुन्छन् । उनीहरूलाई पनि देखाउन पर्‍यो नि । गुणस्तरमा ध्यान दिनैपर्‍यो । सञ्चार माध्यमले यस कुरामा ध्यान दिंदैनन् । समस्या देखिंदा पीडित पक्षसम्म पुग्दैनन् । समस्या के हो ? कसरी समाधान गर्न सकिन्छ ? पर कुर्सीमा बसेर यो समस्या समाधान हुँदैन । त्यसका लागि बाहिर निस्कनुपर्छ । त्यो काम यथेष्ट मात्रामा भइरहेको छैन ।

अहिले सञ्चार माध्यमको भूमिका त वास्तविक देखाउने नभएर भड्काव प्रदर्शन गर्ने भइरहेको छ । सन् २०१५ मा असहिष्णुताको बहस भइरहेको थियो । केही टेलिभिजनले मसँग छलफल गर्नचाहे मैले आफ्नो विचार सिधासिधा राखें । मेरो सिधा कुरा सुनेपछि दुईओटा टेलिभिजनले समय मिलाइसकेपछि फोन गरेर 'माफ गर्नुहोला, हामीले स्वीकृति पाएनौँ' भनेका थिए । दस मिनेटको अन्तर्वार्ता दिन माथि बसेकाको आदेश चाहिएछ । खोइ त सञ्चारको स्वायत्तता ?

तपाईं सबैले आफूलाई 'जी हजुर' गरून् भन्ने चाहनुहुन्छ । अन्यथा तपाईंलाई आफू सुरक्षित महसुस हुन्छ । तपाईं भन्न सक्नुहुन्न 'केही फरक पर्दैन । कसैले फरक विचार राख्न सक्छन्' जब तपाईं प्रतिपक्षी विचारसँग डराउनुहुन्छ तब मान्छेको मुख बन्द गर्ने धन्दा सुरु हुन्छ ।

यो समग्र राष्ट्रवाद नभएर निश्चित राष्ट्रवाद हो । एउटा समस्या के हो भने, राष्ट्रवाद भनेको इतिहासको कुनै कालखण्ड होइन, न त मुगलकाल हो । आजको समाजमा औद्योगिकीकरण भएको छ । पुँजीवादको विकास भएको छ । मध्यमवर्ग शक्तिशाली भएर आएको छ । राष्ट्रवादले फरक-फरक समुदायलाई नयाँ पहिचान र व्यवस्था दिन्छ । तपाईं रैतीबाट नागरिक बन्नुहुन्छ । राज्यहरूको संगठनहरूको क्रमबाट राष्ट्र बन्छ । पहिले कूल समाज, राजतन्त्र राजा, सम्राट थिए । अहिले राष्ट्र (नेसन) छ । जहाँ राज्य नै राष्ट्र हो । राष्ट्रवादले सबै समुदायलाई एउटै छातामुनि ल्याउँछ । नागरिकको रूपमा नयाँ पहिचान दिन्छ । त्यो पहिचान नै समतामूलक पहिचान हो । सामाजिक न्यायमा समान अधिकार, स्रोतहरूसँगको समान पहुँच र बाँडफाँड सुनिश्चित हुनुपर्छ । मानवअधिकार सुनिश्चित हुन्छ । फरक-फरक समूहमा धार्मिक, जातीय वा भाषिक समूहमध्ये कसैलाई प्राथमिकता दिनुपर्छ । हिन्दु राष्ट्रमा हिन्दुहरूको स्थान माथि होला; जुन भाजपा र सङ्घ परिवारको अहिलेको प्राथमिकता पनि हो । त्यहाँले यहाँ राष्ट्रवाद र भाजपाको हिन्दु राष्ट्रवादका बीचमा ठूलो विरोधाभास छ । लोकतन्त्रमा तवाई कसैलाई सानो र ठूलो भन्न पाउनुहुन्न । जहाँ विधिको समाज हुन्छ । सबै पूर्णतः समान हुनुपर्छ ।

**आन्तरिक राजस्व कार्यालय पोखराको**

**आर्थिक वर्ष २०७३/०७४ को आयकरको तेस्रो किस्ता वापतको रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

आयकर ऐन, २०५८ (संशोधनसहित) को दफा ९५ को उपदफा ४ बमोजिम आर्थिक वर्ष २०७३/०७४ को कारोबारको संशोधित अनुमानित करको विवरण पेस गर्नुपर्ने भए सो विवरण र आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा १ बमोजिम दाखिला गर्नुपर्ने अनुमानित करको तेस्रो किस्ता वापतको शतप्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम यही २०७४ असार मसान्तभित्रै करदाता कार्यालय वा आन्तरिक राजस्व कार्यालय, पोखरा वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा व्याजबाट बचौं ।

**गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर**

क्रान्तिकारी कम्युनिस्ट पार्टी, क्यानाडाद्वारा प्रकाशित सामग्रीको नेपाली अनुवाद – बहसको लागि प्रस्तुत

# अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको नयाँ आम-कार्यदिशा

अनुवाद : रमेश शर्मा

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको कार्यदिशाको निर्माणमा क्रान्तिकारी कम्युनिस्ट पार्टी, क्यानाडा कुनै एउटा पार्टीको मात्र बुझाइलाई पर्याप्त मान्दैन । यसको निम्ति विभिन्न राजनीतिक पार्टी एवम् संगठनहरूका कमरेडहरूबीच सैद्धान्तिक बहस आवश्यक छ । यस सन्दर्भमा यो प्रकाशनले हाम्रो आन्दोलनले सम्बोधन गर्नुपर्ने प्रमुख सवालहरूलाई छोटकरीमा प्रस्तुत गर्दै हाम्रो आफ्नो दृष्टिकोणलाई संक्षेपमा प्रस्तुत गर्दछ :

» ***अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको कार्यदिशा निर्माणको उद्देश्य के हुनुपर्दछ ?***

कार्यदिशाले राजनीतिक सिद्धान्तलाई प्रस्ट पार्न सक्नुपर्दछ, जसको आधारमा क्रान्तिकारी शक्तिहरूबीच एकता कायम होस् । यसले विश्वभरिका पार्टी र संगठनहरूलाई क्रान्तिको मार्ग र क्रान्तिकारी सङ्घर्षको विश्लेषण गरेर स्पष्ट राजनीतिक दिशानिर्देश गर्नुपर्दछ, जसलाई आ-आफ्नो देशको खास अवस्था र अन्तरविरोधहरूको आधारमा सृजनात्मक ढङ्गले लागू गर्न सकियोस् ।

हाम्रो विचारमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको कार्यदिशा तय गर्ने आधारभूत सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हुनुपर्दछ । हाम्रो यो प्रयासलाई "अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको कार्यदिशासम्बन्धी प्रस्ताव" १९६३, रिम घोषणापत्र १९८४, र १९९३ को "मार्क्सवाद-लेनिनवाद-माओवाद– अमर रहोस" भन्ने रिमको दस्तावेजले सघाउ पुऱ्याउने छ । यद्यपि ती दस्तावेजहरू आफैँमा अपूरा छन्, त्यसैले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा नयाँ कार्यदिशाको विकास गर्न जरुरी छ किनकि यसबीचमा विश्वको परिस्थिति र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा, खासगरी पेरु, नेपाल, टर्की, फिलिपिन्स र भारतमा जनयुद्धका अनुभवहरूबाट धेरै राजनीतिक परिवर्तनहरू देखिएका छन् ।

राष्ट्रिय स्वाधीनताको युग प्रायःजसो सकिए पनि नव-उपनिवेशवाद र अर्द्ध-उपनिवेशवाद जारी रहनाले विश्वका अधिकांश देशहरूमा नयाँ जनवादी क्रान्तिमा जोड दिनु आवश्यक छ । आज विश्वमा क्रान्तिका प्रमुख दुई प्रवृत्तिहरू छन्ः नव-औपनिवेशिक र अर्ध-औपनिवेशिक देशहरूमा नयाँ जनवादी क्रान्ति र साम्राज्यवादी देशहरूमा समाजवादी क्रान्ति । यहाँ एउटा कुरा के बुझ्न जरुरी छ भने आत्मगत पक्षलाई बेवास्ता गरेर वस्तुगत परिस्थिति परिपक्व हुँदैमा साम्यवाद "अपरिहार्य" छ भन्न मिल्दैन । त्यहाँ निरन्तर सङ्घर्ष गरिरहनुपर्दछ ।

» ***आज विश्वमा भएका आधारभूत अन्तरविरोधहरू के के हुन् ?***

विश्वमा आज तीन प्रकारका आधारभूत अन्तरविरोधहरू रहेका छन् ः

१. साम्राज्यवादी मुलुकहरू र उत्पीडित जनताबीचको अन्तरविरोध;
२. पुँजीपतिहरू र सर्वहारावर्गबीचको अन्तरविरोध; र
३. साम्राज्यवादी देशहरूबीचको अन्तरविरोध ।

हाम्रो विचारमा तेश्रो प्रकारको अन्तरविरोध अन्य दुई आधारभूत अन्तरविरोधभन्दा कम महत्वको छ ।

"अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको कार्यदिशासम्बधी प्रस्ताव" १९६३ मा समाजवादी र पुँजीवादी खेमाबीचको अन्तरविरोध भनेर चौथो प्रकारको अन्तरविरोधको उल्लेख गरिएको थियो । तर आज विश्वमा समाजवादी देश नभएकाले यो अन्तरविरोध अस्तित्वमा छैन । यसको मतलब भविष्यमा देशहरूमा क्रान्ति सम्पन्न भएपछि पनि यो अन्तरविरोध फेरि आउँदैन भन्नेचाहिँ होइन ।

» ***विश्वस्तरमा र राष्ट्रियस्तरमा भएका अन्तरविरोधहरूको आपसी सम्बन्ध के छ ?***

विश्वस्तरको प्रमुख अन्तरविरोध साम्राज्यवादी देशहरू र उत्पीडित जनताहरूको बीचमा छ । सबै साम्राज्यवादी देशहरूमा भएका क्रान्तिकारी शक्तिहरूले त्यहाँ पुँजीपति र सर्वहारावर्गबीचको अन्तरविरोध चर्काइदिएर उत्पीडित देशका जनताहरूलाई सघाउनुपर्दछ । उनीहरूको भूमिका भनेको उत्पीडित देशहरूमा हुने साम्राज्यवाद विरोधी सङ्घर्षलाई हेरेर मजा लिएर बस्नु मात्र होइन । साम्राज्यवादी देशका क्रान्तिकारीहरूले सबै क्षेत्रका कामहरूमा वर्गसङ्घर्षलाई तीव्रता प्रदान गर्न नयाँ-नयाँ सर्वहारावादी पहलहरूको विकास गर्नुपर्दछ । उनीहरूले क्रान्तिकारी पराजयवादको नीति अपनाएर आफ्नै देशका शासकहरूलाई पराजित गर्न उसको विरोधमा सङ्घर्ष गरिरहेका सही क्रान्तिकारी र लोकप्रिय शक्तिहरूको समर्थन गर्न पर्दछ ।

यो बुझ्न जरुरी छ कि विश्वस्तरको प्रमुख अन्तरविरोधले कुनै एउटा देशभित्रको अन्तरविरोधलाई पनि ठूलो असर गर्दछ भने एउटा देशभित्रको प्रमुख अन्तरविरोधले विश्वस्तरको अन्तरविरोधलाई पनि प्रभावित पारिरहेको हुन्छ । यसका साथै एउटा देशभित्रको अन्तरविरोध आफैँमा गतिशील हुन्छ र यसको विकास विश्वस्तरको प्रधान अन्तरविरोधबाट आंशिक रूपमा मात्र प्रभावित हुन्छ भन्ने कुरा पनि बिर्सनुहुँदैन ।

हामीलाई लाग्दछ, साम्राज्यवादी र उत्पीडित देशहरूबीचको अन्तरविरोधले आर्थिक र राजनीतिकका साथै वातावरणीय विनासको स्वरूप पनि लिएको छ । विश्वभरिका क्रान्तिकारीहरूले साम्राज्यवादी देशहरूले अपनाएका औद्योगीकीकरण र उपभोगको प्रचलनलाई नै पुनः लागू गर्न




हुँदैन । उत्पीडित देशमा हुने नयाँ जनवादी क्रान्तिले अर्धसामन्ती व्यवस्था सँग सम्बन्ध-विच्छेद गर्ने बेला वातावरणीय संरक्षणलाई मुख्य मुद्दा बनाउनुपर्दछ । त्यस्तै साम्राज्यवादी देशहरूमा पनि समाजवादी क्रान्ति गर्दा साम्राज्यवादी उपभोग र शोषणबाट जर्जर वातावरणीय विनासको मुद्दालाई गम्भीर रूपमा लिनुपर्दछ । सर्वहारावर्गको राजनीतिक चेतना उकास्नेक्रममा वातावरणीय दृष्टिले धान्न सकिने नयाँ किसिमको राजनीतिक, सामाजिक र आर्थिक संगठनहरूको विकास गर्नुपर्दछ ।

» ***विश्वमा आज शक्ति-सन्तुलनको अवस्था कस्तो छ ?***

आज विश्वमा संयुक्त राज्य अमेरिका प्रमुख साम्राज्यवादी शक्ति हो । यद्यपि युरोपियन युनियन, रुस र चीनजस्ता उदाउँदा साम्राज्यवादी शक्तिहरू र संयुक्त राज्य अमेरिकाबीचको अन्तरविरोध बढ्दो छ। खासगरी रुस र चीनसँग संयुक्त राज्य अमेरिकाको अन्तरविरोध निकट भविष्यमा तीव्र बन्दै जाने देखिन्छ । पुँजीवाद र साम्राज्यवादमा अन्तरनिहित अन्तरविरोधको कारणले गर्दा साम्राज्यवादीहरू कागजी बाघ हुन् तर उनीहरूको ठोस राजनीतिक र सांगठनिक शक्तिलाई राष्ट्रिय वा स्थानीयस्तरमा अवमूल्यन गर्न भने मिल्दैन । हामीले, यद्यपि, तेश्रो विश्वयुद्धको सम्भावनालाई नकार्न हुँदैन तर वर्तमान अवस्थाको विशेषता भनेको साम्राज्यवादी युद्ध नै हो ।

आत्मपरक रूपमा हेर्दा क्रान्तिको निम्ति शक्ति-सन्तुलनको अवस्था प्रतिकूल छ जब कि वस्तुगत अवस्था अत्यन्त अनुकूल छ । संसारमा आजको मूल प्रवृत्ति नै क्रान्ति हो भनेर ठोकुवा गर्न सकिदैन किनकि क्रान्तिकारी शक्तिहरू विश्वस्तरमा नै राजनीतिक, वैचारिक र सांगठनिक रूपमा कमजोर छन् । संसारमा आज ठूला-ठूला जन-आन्दोलनहरू भइरहेका छन् । जसको नेतृत्व, प्रायःजसो, सच्चा क्रान्तिकारीहरूले नगरी न्यून-पुँजीवादी एवम् पुँजीवादी तत्वहरूले गरिरहेका छन् । खासगरी भाकपा (माओवादी) को र फिलिपिन्स कम्युनिस्ट पार्टीको नेतृत्वमा भइरहेका जनआन्दोलनहरू विश्वका क्रान्तिकारीहरूको निम्ति आज अत्यन्त प्रेरणादायी कुरा हुन् । मिहिनेतकस वर्ग र खेतीहर मजदुर-किसान वर्गमा क्रान्तिको निम्ति उत्कट अभिलाषा देखिन्छ तर कमजोर आत्मगत अवस्थाले गर्दा त्यो आकांक्षा पूरा हुन सकेको छैन ।

» ***आज विश्वमा क्रान्तिको निम्ति प्रमुख शक्तिहरू कुन कुन हुन् ?***

विश्वस्तरको अन्तरविरोध अफ्रिका, एसिया र ल्याटिन अमेरिकामा तीव्रतम छ । तसर्थ, विश्वको अधिकांश ठाउँहरू क्रान्तिका तुफानीकेन्द्र हुने सम्भावना देखिन्छ । १९७६ पछि क्रान्तिकारी सङ्घर्षको उच्चस्तरीय अनुभव पेरु, नेपाल, फिलिपिन्स र भारतमा पाइन्छ । जब कि विगतका दशकमा पेरु र नेपालमा भएको जनयुद्धले ठूलो धक्का खाएको छ । अफ्रिका, एसिया र ल्याटिन अमेरिकाका जनता नै आज क्रान्तिका मुख्य शक्ति हुन् ।

क्रान्तिको नेतृत्वदायी शक्ति भनेको आ-आफ्नो क्रान्तिकारी पार्टीको नेतृत्वमा विश्वव्यापी रूपमा रहेका सर्वहारावर्ग हुन् । विश्वक्रान्तिको नेतृत्वदायी शक्तिहरूमध्ये दीर्घकालीन जनयुद्धमा सहभागी भएका एवम् त्यस दिशामा अघि बढ्दै गरेका राजनीतिक पार्टीहरू नै त्यसका अग्रदस्ता हुन् ।

» ***यो शक्ति-सन्तुलनले क्रान्तिकारी शक्तिमाथि कस्तो असर पार्दछ ?***

विद्यमान शक्ति-सन्तुलनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा वैचारिक र राजनीतिक भ्रम सृजना गरेको छ। तसर्थ सिद्धान्तनिष्ठ वैचारिक एकता हासिल गर्नको निम्ति क्रान्तिकारीहरूले अध्ययनमा र वैचारिक कार्यदिशाबारेको बहसमा सहभागी हुनु अनिवार्य रूपमा आवश्यक भएको छ । त्यसैले गर्दा हामीलाई लाग्दछ, क्रान्तिकारीहरूले निम्नानुसारका गलत दृष्टिकोणहरू परित्याग गर्नुपर्दछः

- पुँजीपति र सर्वहारावर्ग अथवा साम्राज्यवादका विरुद्ध उत्पीडित जनताबीच रहेको अन्तरविरोधको हल सशस्त्र क्रान्(तबाहेक अन्य तरिकाबाट गर्न सकिन्छ भन्ने गलत दृश्टिकोण । सशस्त्र सङ्घर्षको स्वरूप भने दीर्घकालीन जनयुद्ध हुन्छ, यद्यपि यसको विशेषता राष्ट्रिय परिस्थितिअनुसार हुनेछ । नयाँ राजनीतिक सत्ता निर्माण गर्नको निम्ति पुरानो सत्ता ध्वस्त पार्नु जरुरी हुन्छ । सर्वहारावादी क्रान्तिकारीहरूले पुँजीवादी प्रजातन्त्रको आधारस्तम्भ, संसद्वाद र पुँजीवादी निर्वाचनको परित्याग गर्नैपर्दछ ।
- पुँजीवादमा अन्तरनिहित अन्तरविरोधहरू तीव्रगतिले निरन्तर रूपमा बढ्दै जाँदा त्यो समस्याको समाधान आर्थिक संकटमा आधारित क्रान्तिले मात्र गर्न सक्दछ भन्ने गलत दृश्टिकोण । जब कि नयाँ जनवादी क्रान्ति एवम् समाजवादी क्रान्तिबाट मात्र ती अन्तरविरोधहरूको हल सम्भव छ ।
- क्रान्तिकारीहरूले अमेरिकी साम्राज्यवादको विरोधमा सङ्घर्ष गर्दा अन्य साम्राज्यवादी शक्तिहरू र प्रतिक्रियावादी शासन व्यवस्थालाई रणनीतिक रूपमा नै समर्थन गर्ने गलत दृश्टिकोण । यहाँ विचारणीय कुरा के छ भने यसको मतलव कार्यनीतिक रूपमा पनि कसैलाई समर्थन गर्न सकिदैन वा समर्थन गर्नु हुँदैन भन्ने होइन तर उक्त समर्थन सर्वहारा क्रान्तिको उद्देश्यअनुरूप हुनुपर्दछ ।
- साम्राज्यवादी देशहरूमा माओवादी पार्टी र संगठनहरूले क्रान्तिको परम्परागत दृश्टिकोण, 'सशस्त्र विद्रोह' को रणनीतिलाई परित्याग गरेर आफ्नो देशको ठोस परिस्थितिअनुसार दीर्घकालीन जनयुद्धको रणनीति लागू गर्न प्रयत्नशील रहनुपर्दछ ।
- शक्तिसञ्चयको क्रममा वैधानिक बाटो अपनाउनु सम्भव एवम् आवश्यक पनि हुन सक्दछ तर क्रान्तिकारीहरूले ठोस रूपमा र रणनीतिक रूपमा भने सशस्त्र सङ्घर्ष र जनयुद्धको तयारीमा लाग्नुपर्दछ ।

» ***अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले सामना गरिरहेका ठोस समस्याहरू के के हुन् ?***

प्रमुख समस्याहरू ः

- अधिकांश देशहरूमा माओवादी पार्टी नहुनु ।
- वर्तमान सन्दर्भमा वर्गसङ्घर्षका नयाँ चुनौतीहरूको सामना गर्ने विषयमा पर्याप्त मात्रामा चिन्तन-मनन नहुनु । राजनीतिक पार्टी र संगठनहरूले मालेमालाई कागतमा मात्र सीमित नराखी व्यवहारमा पनि लागू गर्ने र विकास गर्ने गर्नुपर्दछ ।
- 'कम्प्युटर-माओवादी' धेरै भए, तर धरातलीय यथार्थमा पार्टी, सेना, जन-आन्दोलन र जनयुद्धका क्रान्तिकारी विभागहरू निर्माण गर्ने पर्याप्त कार्यकर्ता भएनन् ।

» ***रुस र चीनमा भएका संशोधनवादहरू र पेरु, नेपाल आदि देशमा खाएको धक्काको सन्दर्भमा उठेका सवालहरू के के छन् ?***

रुस र चीनमा संशोधनवादको विजय एवम् पेरु र नेपालमा दीर्घकालीन जनयुद्धले खाएको धक्काको आ-आफ्नै प्रकारका विशेषताहरू छन् तर सत्य के हो भने, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले सामना गर्नुपरेको प्रमुख खतरा भनेको नै दक्षिणपन्थी अवसरवाद र सामाजिक प्रजातन्त्रसम्बन्धी अवधारणा हो । कुटनीतिकस्तरमा क्रान्तिकारी राज्यसत्ता एवम् भ्रूणरूपी राज्यसत्ताबीच, एउटा पार्टी र अर्को पार्टीबीच तथा साम्राज्यवाद विरोधी क्रान्तिकारी मोर्चा निर्माणबीचको सम्बन्धको विषयमा स्पष्ट हुनु जरुरी छ । यी तीन फरक-फरक प्रकारका जिम्मेवारीहरू एवम् क्रियाकलापहरू सत्ता प्राप्तिको नजिक पुग्न लागेका प्रत्येक क्रान्तिकारी आन्दोलनले वहन गर्नु अनिवार्य छ । साम्राज्यवादीहरू र पुँजीपतिहरू सँग सधैँ 'निष्कृय सहअस्तित्व' कायम राखिरहने कुरा हुन सक्दैन ।

समाजवादको स्थापनालाई हामीले फरक उत्पादन प्रणालीको रूपमा मात्र नहेरी पुँजीवादी र साम्यवादी व्यवस्थाबीचको संक्रमणकालको रूपमा लिनुपर्दछ, जहाँ वर्गहरूबीचको सङ्घर्ष दुश्मनीपूर्ण रहन्छ । संक्रमणको यो समग्र अवधिमा सर्वहारा अधिनायकत्व लागू गर्ने क्रान्तिकारीहरूले पुँजीवादी सम्बन्धको विरोधमा लड्दै साम्यवादको स्थापनाको तयारीमा लाग्नुपर्दछ र राज्यसंयन्त्र विलोप गर्ने जिम्मेवारी लिनुपर्दछ । साम्राज्यवादी देशहरूमा पुँजीवादी व्यवस्था र समाजवादी व्यवस्थाको बीचमा कुनै अन्तरिम व्यवस्था हुँदैन । साम्राज्यवादी उत्पीडनमा परेका देशहरूमा नेपालमा प्रचण्ड-भट्टराईले लिएको संशोधनवादी कार्यदिशाको विपरीत नयाँ जनवादी क्रान्तिभन्दा पहिले कुनै पनि अन्तरिम अथवा क्रान्तिको तयारीको लागि भनेर अर्को पुँजीवादी व्यवस्था हुँदैन ।

समाजवादी व्यवस्था निर्माणका समस्याहरूको सम्बन्ध मूलरूपमा एकदलीय वा बहुदलीय शासन व्यवस्थासँग मात्र छैन । सर्वोपरि कुरा त आम जनतालाई संगठित गर्ने, पुँजीवादीहरूको विरोधमा वर्गसङ्घर्ष उठाउने, पुराना सामाजिक सम्बन्धहरूलाई तोड्ने र पुराना विचारहरूसँग सम्बन्ध विच्छेद गर्ने कुराहरू महत्वपूर्ण छन् । यसरी पार्टीले आम जनतालाई सही बाटो देखाउनेक्रममा आफ्नो वैचारिक एवम् राजनीतिक नेतृत्वलाई प्रयोगमा ल्याउनुपर्दछ, औपचारिक रूपमा घोषणा गरेर वा नेतृत्व दिनको निम्ति संस्था बनाएर मात्र ती कामहरू हुँदैनन् ।

» ***संसारमा अब क्रान्तिकारीहरूले गर्नुपर्ने ठोस कार्यभार के के हुन् ?***

हाम्रो पार्टी क्रान्तिकारीहरूले वहन गर्नुपर्ने जिम्मेवारीहरूलाई विनम्रतापूर्वक निम्नानुसार प्रस्तुत गर्दछ ः

- क्रान्तिका तीन प्रमुख हतियारहरू– क्रान्तिकारी पार्टी, क्रान्तिकारी सेना र क्रान्तिकारी वर्गहरूबीचको संयुक्त मोर्चा निर्माण गर्नु ।
- जनचेतनालाई रूपान्तरित गर्ने र क्रान्ति सम्पन्न गर्नको निम्ति जनतामा प्रतिरोधी भावना जगाउन नेतृत्व प्रदान गर्नु ।
- माओवादी पार्टी र संगठनहरूको एउटा संयुक्त-केन्द्र निर्माण गर्ने परिस्थितिको सृजना गर्नु । यसको निम्ति प्रत्येक पक्षको स्वायत्तता र स्वतन्त्रताको सम्मान गर्दै एकता-सङ्घर्ष-एकताको प्रक्रियाद्वारा वैचारिक सङ्घर्षका साथै आपसी समर्थन र ऐक्यवद्धता आवश्यक हुन्छ ।
- क्रान्तिकारी नेतृत्वको अग्रता भएको साम्राज्यवाद विरोधी मोर्चा निर्माण गर्नु ।
- राजबन्दीहरूलाई थुनेको विरोधमा र अपरेसन ग्रीनहण्ट(भारतमा भइरहेको दमन) तथा ओप्लान बेयानिहान(फिलिपिनी दमन) को विरोधमा संयुक्त आम जन-अभियान चलाउनु ।
- वैचारिक जर्नल प्रकाशन गर्नु, जसमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले सामना गर्नु परिरहेका मुद्दाहरूलाई लिएर विभिन्न पार्टीहरू वाद-विवाद र संवादमा संलग्न हुन सक्दछन् र संयुक्त क्रियाकलापहरूका प्रतिवेदन प्रस्तुत गर्न सक्दछन् । यसले गर्दा आन्दोलनले चाहेको एक खालको एकताको परिस्थिति सृजना गरी एउटा नयाँ अन्तर्राष्ट्रिय केन्द्रको स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ ।

स्रोतः Arsenal/winter 2017, Revolutionary Communist Party, Canada, pp. 201-207

# स्थानीय तहको निर्वाचन र राजपा



कलाधर आचार्य

२०७४ वैशाख ३१ गते एकै चरणमा स्थानीय तहको निर्वाचन गराउने घोषणा भई जेठ ३१, असार ९ हुँदै असार १४ गते मात्र दोस्रो चरणको निर्वाचन सम्पन्न भएको छ र आश्विन २ गते २ नं. प्रदेशको चुनाव गराउने तयारी छ। येनकेन पहिलो चरणको चुनाव त सम्पन्न भयो तर बाँकी चरणको चुनाव कसरी हुन्छ, त्यो भविष्यले नै बताउला। यसै सन्दर्भमा भारतका परराष्ट्र मन्त्रालयका प्रवक्ता गोपाल वाग्ले समावेशी र समानुपातिक भन्दै भुकिरहेका छन्। अर्काको आन्तरिक मामलामा किन हस्ताक्षेप गरी पटक-पटक बारम्बार ऱ्याल चुहाई चुहाई पुच्छर लुकाएर भुक्नुपऱ्यो । जब कि त्यहाँको आन्तरिक मामलामा हाम्रो कुनै हस्ताक्षेप र चासो नै छैन। त्यसो भएर पश्चिम बंगाल सरकारबाट दार्जीलिङमा गरिएको ताण्डव नृत्य त्यही समावेशी र समानुपातिक हो उदाहारण हो त ? आफनो सम्मान, मान, मर्यादा र पदीय दायित्वमा रही विचार पुऱ्याएर ख्याल गरी मित्रवत् तथा छिमेकीको व्यवहार गर्न सिक, ब्रिटिस सरकारको दासत्व-प्रथाबाट उन्मुक्त गराउने पनि हाम्रा विर गोर्खालीहरू हुन्, कि दासत्व बनेकाहरू र त्यस्तै जुठो, पिठो खाएकाहरूको त्यस्तै छुद्र र घटिया विचार हुन्छ क्या हो ? अझै हाम्रा सेनाहरू त्यहाँको सुरक्षा निकायमा कार्यरत छन्, ख्याल गर, उल्टो त्यतैतिर फर्कलान् नि।




चुनाव प्रचार-प्रसारको क्रममा एक कुटनीतिक व्यक्तित्व कांग्रेसको झोला भिरी कसै-कसैको पुच्छर बनी माखा धपाई दौडधुप गरिरहेका थिए। छि छि घिनलाग्दो कुरा, कुन्नि केलाई भन्दा देख्नेलाई लाज। स्पष्ट थाहा भइहाल्यो को कसको इशारामा चलेको रहेछ र खुट्टामा उभिएको रहेछ भनेर। मान्छे मात्र ठूला तर बुद्धि निच र छुद्र। चुनाव विथोल्ने, हुन नदिने भन्ने तर आफ्ना कार्यकर्ताहरू राजपाले पकेट एरियामा स्वतन्त्र उम्मेदवारको रूपमा मनोनयन दर्ता गर्न पनि लगाउने। किन यसरी डराउनुपऱ्यो र खुल्ला रूपमा आफ्नै चिन्ह लिएर मैदानमा भिडेर अत्यधिक मत ल्याई के के गर्न पर्ने हो, बाँकी के छ अनि इच्छा के छ। दुई तिहाइ मत ल्याई संविधान नै पुनर्लेखन गरे पनि संशोधन गरी खुबी र क्षमता भए सिक्किम बनाउँदा पनि केही फरक पर्दैन। वरिष्ठ नेता उपेन्द्र यादव त, राजेन्द्र महतो त द्वैध चरित्र भएका भारतीय नागरिक हुन् र भारतकै पनि नागरिकता छ भन्छन्। साँच्चै हो सर्पले सर्पकै खुट्टा देख्छ भनेको। बाबुराम भट्टराई र गिरिजाप्रसाद कोइरालाको पालामा वितरण भएका लगभग ४४ लाख नागरिकताको उच्चस्तरीय टोली गठन गरी खारेज गर्नुपर्दछ। वैध-अवैध छनबिन गरी वैध भए ठीक र अवैध भएमा दोहोरो नागरिकता लिएकाहरूको एक देशको मात्र नागरिकता प्रदान हुनु आवश्यक छ।

सिके प्रसाई गुरु (राजपाको) मधेसी मोर्चालाई उचाली आफू भयभित भई देखा नपर्ने भन्दाखेरि ' हिमाल, पहाड, तराई कोही छैन पराई' भनी भाषण पनि गर्ने त व्यवहार फरक किन गर्ने। पहाडतिर आन्दोलन पनि नगर्ने, चुनावमा भाग पनि नलिने कारण के हो त ? आखिरमा देश सबैको साझा नै हो। हो यही व्यवहारबाट स्पष्ट हुन्छ कि यिनीहरू विखण्डनकारीका सन्तान हुन् र विखण्डनकारी हुन्। शान्तिपूर्ण रूपमा नारा, जुलुस, भाषण गर्न पाइन्छ तर लाठी, लौरा लिएर बम पड्काएर कसैको सम्पत्ति तथा ज्यान लिन पाइँदैन । यस्तालाई पुलिस प्रशासनले कारवाही नगरे कसलाई गर्छ त ? अझै उल्टै तिनीहरूलाई सहिद घोषणा गर्नुपर्ने, क्षतिपूर्ति दिनुपर्ने, कति लाजमर्दो कुरा। त्यसो भए ती विखण्डनकारीद्वारा भएको धनजनको क्षतिपूर्ति कसले दिन्छ त ?

मर्ने बेलामा कमिलाको पनि प्वाँख पलाउँछ रे, साँच्चै हो रहेछ, नागरिकहरू चुनावको मैदानमा उत्रिएका छन्, जनताहरूबाट डराई तिरस्कृत भै ठाकुर बाबुलगायत अन्य नेताहरू सुरक्षाको लागि राजधानी मै छन्। उपेन्द्रले बेग्लै पार्टी खोले, बाँकी छ घटकमध्ये ३ घटक फुट्नको लागि भरे भोलि भएका छन् र बाँकी ३ घटक तम्तयार छन्। आखिरमा पहिलेको जस्तै मुसाका छाउरा मुसा भनेझैं हुने निश्चित भयो । हो आखिरमा सत्य सत्य नै हुँदो रहेछ। रामसँग रावणले धेरै घमण्ड गर्नाले लंका ध्वस्त भयो। कौरवहरूले पाण्डवहरूको धेरै अपमान गर्नाले उनीहरूको वंश नै नास भयो। त्यस्तै बलि राजाले धेरै घमण्डी भएर दान गर्नाले स्वयम् आफू नै बाँधिए। यसरी जुनसुकै क्षेत्रमा पनि जो धेरै घमण्डी बन्दछ र अहं प्रस्तुत गर्दछ यसरी उनीहरूको नास हुन्छ र विलिन भएर जान्छन्। कैलालीको टीकापुरमा हृदय विदारक घटनाका योजनाका रेशम चौधरी, प्रचण्ड र शेरबहादुर देउवाको संरक्षणमा राज्यको ढुकुटी खर्च गरी दिल्लीमा पालनपोषण गराइरहेका छन्। आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति र चाहना पूरा नहुँदा भारतसँग साँठगाँठ गरी मधेसी मोर्चाको सहयोग र इशारामा लगभग एक वर्षसम्म नाकाबन्दी गरी देश र जनताहरूलाई तहस-नहस बनाई खरबौं खरब रूपैयाँको क्षति गराउने त यिनीहरू नै हुन्।

धनुषामा कार्यरत एक प्रहरी अधिकृतले त्यहाँको स्थनीय युवालाई रातको समयमा मरणासन्न हुनेगरी पिटेका र म विमलेन्द्र निधिको मान्छे हुँ, कांग्रेसलाई भोट दिन्छन् कि दिदैनस् भनि धम्क्याई छाडिदिएका, के यो राणा शासन हो वा कांग्रेसको एकलौटी राज्य हो वा बाबुको पेवा हो ? कति घिनलाग्दा हामी नेता, पुलिस प्रशासन, मानवीय व्यवहारसमेत गर्न नजानेकाहरू। यिनीहरूको फूर्ति, हैसियत किन यस्तो हँ। हुन त भूकम्प पीडितहरूको आर्थिक सहयोग, ५० डिग्री तापक्रमको गर्मीमा खाडी मुलुकहरूमा बसी कार्यरत नेपालीहरू तथा अन्य देशमा समेत कार्यरतहरूबाट प्राप्त रेमिट्यान्स खाई र आफन्तहरूलाई खुवाई पल्केका र युरोपेली युनियनको डलरसमेत खाई भैंसीलाई किर्नाले चुसेझैं गरी देश चुसी भ्रष्ट बनी टन्न भएका यिनीहरूको के कुरा गर्नु र खै। देश नागरिकहरूको चाहना र भौगोलिक वनावटअनुसार सुहाउने, मिल्दोजुल्दो सङ्घीयताको अवधारणा लागू गरेको भए पो, यो त कसै कसैको व्यक्तिगत स्वार्थपूर्ति गर्न र सत्ता प्राप्तिको लागि मात्र खोजी गरेर ल्याइएको भएर नै यस्तो दुर्दशा भएको हो। व्यवहारले नै देखाइसक्यो, केन्द्रको आदेशबिना स्थानीय तहमा जथाभावी खर्च नगर्नु भन्ने आदेश भै सक्यो। चामल हामी खान्छौं, रहलपहल कनिकाहरू तल झरे तिमीहरू खाउला, जथाभावी खर्च नगर्नु भन्नाको अभिप्रायः यही हो।

कपिलवस्तु र नवलपरासीमा गरी घाइते बाहेक ७८ जना गम्भीर अवस्थामा बमको प्रहारमा परे, विभिन्न ठाउँ-ठाउँहरूमा कति घाइते भए, कति मरे पनि । सुरक्षा निकाय सशक्त र प्रभावकारी छ भनिन्छ। खै त प्रत्येक क्षण क्षण, पलभरको घटना थाहा पाएको ? हुन त जहिले पनि पुलिस प्रशासनभन्दा चोर एक पाइला अगाडि हुन्छ रे!

खैर, जे भएता पनि हाम्रा प्रधानसेनापतिबाट सञ्चार-माध्यम तथा पत्रपत्रिकामार्फत देशको सार्वभौमसत्ताप्रति कहीं कतै, कसैबाट आँच आउने कार्य पुऱ्याएको संकेत मिलेमा चुप लागेर बस्ने छैन भनी अभिव्यक्ति प्रकट भएकै छ। तसर्थ, यस्तै बेथिति हुँदै गएमा सेना ब्यारेकबाट बाहिर निस्किई देशका युवा शक्तिहरूलाई साथ लिई देशको सार्वभौमसत्ता र राष्ट्रियता बचाउन चनाखो भई एकजुट भएर लाग्नुपर्दछ। चितवन, भरतपुर वडा नं.१९ को पारा पुनः नदोहोरियोस्। काँतर, दानवीय स्वभाव, जंगली पारा तथा बाँदरको बानी, व्होराझैं प्रस्तुत हुनुभएन। जनताको मतलाई स्वीकार गरी विजय, पराजयको नतिजा त स्वीकार गर्नै पऱ्यो नि ! अतः कसैको ईशारामा चली पराजय हुने संकेत भएपछि सोको पीडा भोग्न नसकी मात्तिए मतपत्रहरू नै च्यात्ने, मतपत्र च्यात्दै जाने हो भने सधैं चुनाव मात्रै हुने भयो नि ! के यस्तै व्यवहारले २०७४ माघ ७ गतेभित्र बाँकी चुनाव सम्भव होला त ? तसर्थ, प्रत्येक मतगणना स्थलहरूमा सीसी क्यामेराको व्यवस्था र सुरक्षाको दृष्टिले कडा निगरानी गर्न नितान्त आवश्यकता देखिन्छ।

अन्त्यमा, जबसम्म यी राजनीतिक चरित्र र अनुभव नै नभएका गोष्ठीकृष्णका पटुहरू विदेशीको इशारामा चलि दास बनिरहन्छन्, आफ्नो आचरण, चालचलन, बानीव्यहोरामा सुधार गर्न सक्दैनन्, केवल व्यक्तिगत स्वार्थ मात्रै पूर्ति गर्ने ध्यानमा लागिरहन्छन्, तबसम्म देश र नागरिकहरू यस्तै भयावह र दुर्दशाको भुँमरीमा फसिरहन्छन्।




# थबाङको हो-हल्ला र वास्तविकता



◆ समिर यात्री

थबाङ यतिबेला सर्वत्र चर्चाको विषय बनेको छ । अझ यसो भनौं, बनाइएको छ । स-साना मिडियादेखि कर्पोरेट मिडिया हाउससम्मले यो विषयलाई विज्ञापनको शैलीमा बडो तामझामकासाथ पस्किरहेका छन् । यस्तो लाग्छ, उनीहरू यसको विज्ञापन गरिरहेका छन् । त्यस अतिरिक्त कतिपय विश्लेषकहरूले लामा-लामा टिप्पणीमार्फत थबाङबारे आफ्नो मनको मैलो धोइपखाली गर्ने अवसरको भरपूर उपयोग पनि गरेको देखियो ।

### आखिर के हो-हल्लाको रहस्य

यी सबै चर्चा र परिचर्चाको एक मात्र कारण हो, ऐतिहासिक विरासत बोकेको थबाङ, नेपाल कम्युनिस्ट पार्टीको क्रान्तिकारी लाइनमा एकताबद्ध रूपले उभिएको थबाङ, सबै प्रकारका प्रतिक्रान्तिकारी र अवसरवादीहरूको टाउको दुखाइको विषय बनेको थबाङमा अन्य पार्टीहरूले प्रवेश पाउनु र स्थानीय चुनाव खारेजीको पार्टी नीति विपरीत नेकपासम्बद्ध केही व्यक्तिको उमेद्वारी पर्नु । हिजो थबाङले एकताबद्ध रूपले पार्टी नीति लागू गरेर कैयौंपटक मतपेटिका खाली फर्काइदिदा त्यसको चर्चा गर्न कन्जुस्याइँ गर्नेहरू आज यो स्तरको विज्ञापन किन गर्दैछन् त ? यही निर्वाचनको सिलसिलामा कालिकोटे जनताले कायम गरेको खारेजीको कीर्तिमान किन चर्चाको विषय बन्दैन ? यसबाट प्रस्ट हुन्छ, नेपाली क्रान्तिको बिम्ब भत्किन थालेको भन्ने बुझाइमा आधारित आतिसवाजीको रूपमा यो हो-हल्ला आएको छ । र, कतिपय अवसरवादीहरू जान वा अन्जान रूपमा प्रतिक्रान्तिकारीहरूको यो हो-हल्लासँगै स्यालहुइँया मच्चाउन पुगेका छन, यो हो-हल्लाभित्रको रहस्य यति हो ।

### विरासत थबाङको

थबाङ विद्रोहको प्रतीक हो । २०३८ सालको पञ्चायती निर्वाचनको पूर्ण बहिस्कार गर्दै शुन्य मतदानको कीर्तिमान कायम गरेको थबाङले पञ्चायती सैनिक अपरेसनका विरुद्ध समेत एकताबद्ध रूपले खडा भयो । त्यसयता निरन्तर प्रतिक्रियावादी सत्ताको दमन र ज्यादतिविरुद्ध जमेर लड्दै आएको थबाङ नेपाली क्रान्तिकारी आन्दोलनको नाभिकीय केन्द्रको रूपमा विकसित भयो । थबाङ्गले नेपाली क्रान्तिकारी आन्दोलनमा अतुलनीय योगदान पुऱ्याएको छ । आजसम्म यसले आफूलाई सबै प्रकारका खराबी र विचलनका विरुद्ध क्रान्तिकारी धाराको पक्षमा दृढतापूर्वक उभ्याउँदै आएको छ । महान् त्याग, तपस्या, बलिदानको इतिहासमा थबाङको गौरवशाली अग्रताले नै यसलाई क्रान्तिको बिम्बको रूपमा स्थापित गरेको हो । यो नै थबाङको ऐतिहासिक विरासत हो ।

### घटनाको वास्तविकता

माओवादी शान्ति-प्रक्रियामा प्रवेश गरेसँगै त्यसभित्रको खराबी र विचलन सतहमा देखापर्न थाल्यो । मूल नेतृत्वसहितको ठूलो हिस्सा राजनीतिक रूपमा संसद्वादमा पतन हुँदै गएसँगै पार्टीभित्र दुईलाइन सङ्घर्ष चर्किँदै गयो । संसद्वादी लाइनको प्रतिनिधित्व गर्न पुगेका प्रचण्ड-बाबुरामहरूको हिस्सा वैचारिक, सांस्कृतिक र आर्थिक रूपले समेत भ्रष्ट बन्दै वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणवादमा पतन हुन पुगेपछि पार्टी र आन्दोलनको रक्षाको लागि उनीहरूसँग सम्बन्ध-विच्छेद गर्नुबाहेक क्रान्तिकारीहरूको लागि अर्को विकल्प बाँकी रहेन । ठीक त्यही विन्दुमा क्रान्तिकारीहरूले क. किरणको नेतृत्वमा पार्टी पुनर्गठनको पहलकदमी लिए । थबाङ क्रान्तिकारी पार्टी निर्माणको पक्षमा एकतावद्ध ढंगले उभियो ।

नेपाली क्रान्तिप्रति गद्दारी गर्दै संसद्वादसामु आत्मसमर्पण गरेका प्रचण्डहरूको एउटै उद्देश्य थियो, नेपालको क्रान्तिकारी आन्दोलनलाई सिध्याउनु र त्यसबापत प्राप्त विदेशी मालिकहरूको आशीर्वादमा सत्ताको केन्द्रमा जुनीभरी ढलीमली गर्नु । प्रचण्डको चाहना थियो, सबै क्रान्तिकारीहरू संसद्वादी चिहानघाटतिर आफूसँगै लर्को लागेर सती जाऊन् तर उनीहरूको चाहना विपरीत क्रान्तिकारीहरूले क्रान्तिको झन्डा उठाए र क्रान्तिको नाभिकीय बनेको थबाङले त्यो झन्डालाई दऱ्होसँग समात्यो । यही नै उनीहरूको लागि सबैभन्दा ठूलो टाउको दुखाइको विषय बन्दै आयो ।

थबाङले प्रचण्डहरूलाई प्रवेश निषेध गरिदिएपछि थबाङका विरुद्ध उनीहरू लामो समयदेखि अनेकन षड्यन्त्रको तानाबाना बुन्दै आएका हुन् । यसबीचमा उनीहरूले थबाङका विरुद्ध सत्ताको दुरूपयोग पनि गरे । विकास र आर्थिक प्याकेजको नाममा प्रलोभनका पोकाहरू बोकेर प्रचण्डहरू कैयौं पटक आफैं दौडिए । मन्त्री र ठेकेदारहरूलाई त्यतै परिचालित गरियो । यी सबै ध्याउन्नभित्रको एउटै उद्देश्य थियो, सकेसम्म थबाङलाई संसद्वादी पोल्टामा हाल्नु, त्यसो हुन नसके थबाङको एकताबद्ध विरासतलाई तोडिदिएर कमजोर पार्नु । आज यो स्थानीय निर्वाचनको अवस्थासम्म आइपुग्दा थबाङमा देखापरेको परिदृश्यले थबाङको गौरवमय विरासतमाथि केही चुनौती थपिदिएको छ तर बाहिर हो-हल्ला गरिए जस्तो नेपाल कम्युनिस्ट पार्टीले चुनावमा भाग लिएको वा पार्टीको खारेज अभियानलाई थबाङले खारेज गरिदिएको भन्ने हावादारी प्रचारको कुनै तुक छैन । किनकि मूलतः थबाङ अहिलेपनि चुनाव खारेजीको पार्टी नीतिकै पक्षमा दृढ छ ।

### शिक्षा थबाङको

थबाङका केही कमरेडहरूले थबाङको विशिष्टता र विकसित मनोविज्ञानको चर्चा गर्दै चुनाव उपयोग गर्दा क्रान्तिको हितमा बढी लाभदायी हुने तर्क प्रस्तुत गर्नुभएको थियो । उहाँहरूको बुझाइको कोणबाट त्यसलाई अन्यथा लिनुपर्ने कुनै कारण छैन । उहाँहरूको यो निष्कर्षको पछाडि दुईवटा कारण छन् । पहिलो, पार्टी योजनाको मर्म र स्पिरिटलाई पक्रन नसक्नु, दोश्रो, माकेको संसद्वादी भुलभुलैयाको प्रभाव । यी विषयमा पार्टी र थबाङबीच आवश्यक अन्तरक्रियामार्फत समाधान खोजिने नै छ ।

थबाङसँग पार्टीको अपेक्षा र पार्टीसँग थबाङको अपेक्षाबीचको तादात्म्यता कतै नमिलेकै कारण यो स्थितिको सिर्जना हुन पुगेको हो भने पनि त्यसको समाधान पार्टी नीति, विधि र पद्धतिभित्र खोज्नुपर्छ, अराजकतातिर होइन । यसतर्फ यथाशीघ्र पहलकदमी लिन जरुरी छ । सामान्यतया क्रान्तिका नाभिकीय केन्द्रहरू सर्ने मान्यतालाई अन्यथा लिनुहुँदैन । भौतिक विज्ञानमा भूकम्पका नाभिकीय केन्द्रहरू सरेजस्तै समाज विज्ञानमा क्रान्तिका नाभिकीय केन्द्रहरू पनि सर्दछन् तर क्रान्ति भौतिक परिस्थितिका अतिरिक्त मानवीय चेतनाको सचेत पहलकदमीमा आधारित परिघटना हो । यस अर्थमा क्रान्तिकारीहरूले क्रान्तिका नाभिकीय केन्द्रहरूको रक्षा र विकासमा विशेष जोड दिनुपर्दछ ।

थबाङले पनि आफनो गौरवशाली विरासतलाई जोगाउँदै क्रान्तिकारी आन्दोलनलाई निरन्तर उर्जा दिने आफ्नो हैसियत गुमाउनुहुँदैन । देशैभरीका उत्पीडित वर्ग, समुदाय र परिवर्तनकामीहरूले थबाङको वीरतापूर्ण गाथाप्रति उच्च सम्मानका साथ गौरव गर्छन् भन्ने कुरा थबाङले बिर्सन हुँदैन । यस अर्थमा थबाङले आफ्नो ओज र गरिमालाई उँचो राख्न गम्भीर आत्मसमीक्षा गर्दै फेरि पनि एकताबद्ध ढंगले क्रान्तिको मार्गमा उभिनुको विकल्प छैन । यतिबेला सबैखाले प्रतिक्रान्तिकारी तत्वहरूद्वारा थबाङका विरुद्ध भइरहेको मोर्चाबन्दीको सही जवाफ राष्ट्र, जनता र क्रान्तिको हितलाई धुरीमा राखेर कायम गरिने नेपाल कम्युनिस्ट पार्टी र थबाङबीचको अभेद्य एकता मात्र हो ।

लीन मिनवाङ

# दक्षिण एसियाको निम्ति चीनको कूटनीतिक प्रस्ताव

सेप्टेम्बरमा शाङ्घाई सहयोग सङ्घको राज्य प्रमुख परिषद्को बैठक र ताजिकिस्तानको राजकीय भ्रमणपछि चिनियाँ राष्ट्रपति सि जिङपिङले तीन दक्षिण एसियाली राष्ट्र माल्दिभ्स, श्रीलंका र भारतको भ्रमण गर्नुभएको थियो । राष्ट्रपति भइसकपछि सिको यस क्षेत्रमा पहिलो विदेश भ्रमण थियो । दक्षिण एसियामा चीनको नयाँ कूटनीतिक रूपरेखा तयार गर्नमा यस भ्रमणले महत्वपूर्ण प्रगति गऱ्यो, जसले विश्व भू-राजनीतिलाई पुनः परिभाषित गर्दै चीनको छिमेकी कूटनीतिलाई विस्तार गऱ्यो ।

**व्यवहारिक सहयोग**

माल्दिभ्स र चीनबीचको कूटनैतिक सम्बन्ध स्थापित भएदेखि ४२ वर्षमा चीनका राष्ट्रपतिको यस्तो खालको भ्रमण पहिलो थियो । भ्रमणले दुई पक्षीय सम्बन्ध प्रवर्द्धन गर्न र चनि तथा दक्षिण एसियाली राष्ट्रबीचको व्यवहारिक सहकार्यले ठूलो महत्व राख्छ । भ्रमणमा माल्दिभ्सको स्वतन्त्रता, सार्वभौमिकता र एकीकृत भू-भागप्रति चीनले आफ्नो सम्मान पुनः जाहेर गऱ्यो र माल्दिभ्सका जनताले रोजेको आफ्नो देशको माटो सुहाउँदो राजनीतिक प्रणाली र विकासको पथलाई चीन उच्च सम्मान गर्दछ । चीन माल्दिभ्सको आर्थिक विकासमा सहयोग र समर्थन जारी राख्नेछ र चिनियाँ लगानीकर्तालाई माल्दिभ्समा लगानी गर्न उत्साहित गर्नेछ । माले-हुलहुले द्वीपबीचको सामुद्रिक पुल र युवा सहरजस्ता परियोजना निर्माणमा पनि चीनले सहयोग गर्दैछ । त्यसैगरी राष्ट्रिय सुरक्षा, पर्यटन, विज्ञान, संस्कृति, शिक्षा, मानव संसाधन तालिम, स्वास्थ्यउपचार र अरू क्षेत्रमा पनि सहयोगलाई अझ बढाउँदै लानेछ भने जलवायु परिवर्तनजस्ता विश्वव्यापी मुद्दामा पनि दुई देशबीचको सहकार्यलाई बलियो बनाउनेछ ।

स्वतन्त्रता, श्रीलंका भ्रमणको क्रममा सार्वभौमिकता र एकीकृत भू-भागलाई जोगाउन श्रीलंकाको प्रयुासलाई चीनले दऱ्हो समर्थन जाहेर गरेको छ र श्रीलंकाका जनताले छानेको आफ्नो देशको माटो सुहाउँदो राजनीतिक प्रणाली र विकासको पथलाई चीन उच्च सम्मान गर्छ । राष्ट्रको स्वतन्त्रता र राजनीतिक र सामाजिक स्थिरतालाई उल्लङ्घन गर्ने कुनै पनि मुलुकको व्यवहारको विरुद्धमा रहने चीनले प्रस्ट पारेको छ । बन्दरगाहको विकार सामुद्रिक सुरक्षाजस्ता परियोजना सामुद्रिक अर्थतन्त्रमा सहयोग बढाउँदै लाने दुवै पक्षले वाचा गरेका छन् भने बन्दरगाह निर्माण, ऊर्जा र सांस्कृतिक पक्षहरू प्रमुख सहयोगी परियोजना हुने । दुवै मुलुक चीन-श्रीलंका दुई पक्षीय स्वतन्त्र व्यापार सम्झौतालाई अगाडि बढाउनेछन् र श्रीलंकामा पूर्वाधार परियोजना र विशेष आर्थिक क्षेत्र निर्माणमा सक्रिय सहभागिता जनाउन चिनियाँ उद्यमीलाई चीन सरकार उत्साहित गर्नेछ । पर्यटन, संस्कृति, शिक्षा र धर्मजस्ता क्षेत्रमा पनि एकआपसमा सहयोग विस्तार र चिनियाँ भाषा सिकाइलाई श्रीलंकामा प्रबर्द्धन गर्दै लाने दुवै पक्षले अठोट गरेका छन् ।

राष्ट्रपति सिको भारत भ्रमणले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग व्यक्तिगत सम्मबन्धलाई नयाँ उचाईमा पुऱ्याएको छ । गुजरात र महाराष्ट्रमा दुईवटा औद्योगिक क्षेत्र निर्माण गर्ने र आगामी ५ वर्षमा २० अरब डलर लगानी गर्ने घोषणा गरेको छ । रेलमार्ग निर्माण गर्न पनि दुवै पक्षले ज्ञापन पत्रमा हस्ताक्षर गरेका छन् र परमाणु ऊर्जा सहयोग सम्बन्धमा पनि छलफल भएको थियो । भारतले चीनबाट तीव्र गतिमा रेल प्रविधि आयात गर्ने अठोट गरेको थियो भने चनिले भारतमा धार्मिक यात्रा गर्ने नाथुला पासलाई सजिलै अनुमति दिने वाचा गरेको थियो । यसैबीच सीमा विवादलाई जतिसक्दो चाँडै टुङ्ग्याउने, दुवैको हितमा हुने सर्वस्वीकार्य एजेण्डा खोज्नेजस्ता संवेदनशील सीमा मुद्दाबारेमा दुवै पक्षबीच विचार आदानप्रदान भएको थियो ।

**एक क्षेत्र एक मार्ग**

राष्ट्रपति सिको दक्षिण एसिया भ्रमणले रेशम मार्ग आर्थिक क्षेत्र र २१ औं शताब्दिको सामुद्रिक रेशम मार्गको निर्माणमा महत्वपूर्ण भूमिका खेल्यो । चिनियाँ कम्युनिस्ट पार्टीको १८ औं राष्ट्रिय भेलादेखि नेतृत्वले कूटनैतिक मुद्दामा सकारात्मक अडान लिएको छ र छिमेकी कूटनीतिलाई अझ बढी महत्व दियो । । गएको वर्ष राष्ट्रपति सिद्वारा प्रस्तुत 'एक क्षेत्र, एक मार्ग' छिमेकी मुलुकप्रति चीनको रणनीतिको लागि मार्गनिर्देशन भएको छ । यतिबेला 'एक क्षेत्र, एक मार्ग' छुट्टिनै नसकिने अंगको रूपमा दक्षिण एसियाको रणनीतिक अवस्था अझ माथि पुगेको र सर्वस्वीकार्य भएको छ । चीनका प्रधानमन्त्री लि खछ्याङको पहिलो भारत भ्रमणको समयमा पेश गरेको 'बंगलादेश–चीन-भारत-म्यामार 'आर्थिक करिडोर' र पाकिस्तान-चीन 'आर्थिक करिडोर' यो अवधारणाको महत्वपूर्ण भाग हो ।

मध्यपूर्व र दक्षिण एसियाबीच अवस्थित प्राचीन सामुद्रिक रेशम मार्गको महत्वपूर्ण क्षेत्रको रूपमा रहेको माल्दिभ्स र श्रीलंका आफ्नो महत्वपूर्ण भौगोलिक अवस्थितिको कारण अहिले पनि सामुद्रिक व्यापार मार्गको महत्वपूर्ण बिन्दु रहिरहनेछ । २१औं शताब्दी सामुद्रिक रेशम मार्गको विकास तिनीहरूको दृष्टिकोण प्रत्येक महत्वको छ । चिनियाँ राष्ट्रपति सिले प्रस्तुत गरेको अवधारणालाई माल्दिभ्स राष्ट्रपति अब्दुल्लाह यामिन दूरदृष्टिपूर्ण भएका विश्वास गर्दछन् । माल्दिभ्सले यो परियोजनालाई समर्थन गर्छ र यस्तो अवसरलाई प्राप्त गर्न उत्साहित र आवश्यक सहयोग सक्रिय हुनेछ । संयुक्त विज्ञप्तिमा चीनले व्यक्त गरेको छ, २१औं शताब्दी सामुद्रिक रेशम मार्गको निर्माणमा भाग लिन माल्दिभ्सलाई स्वागत गर्छ र दुई पक्षीय परम्परागत मित्रतालाई बलियो बनाउन र साझा विकासलाई प्राप्त गर्न सहयोग अझ गहिरो बनाउन चीनको गहिरो इच्छा रहेको यसले संकेत गर्छ ।

'हिन्द महासागर' को मोतीको रूपमा चिनिएको श्रीलंका चीनको महत्वपूर्ण साझेदार भएको छ । २१औं शताब्दीको सामुद्रिक रेशममार्ग निर्माण गर्न चीन र श्रीलंकाको संयुक्त प्रयासले दुवै पक्षको विकासका लागि ठूलो अवसर प्रदान गरेको छ । यसैबीच दक्षिण एसिया, अफ्रिका र युरोपसँगको आर्थिक सम्बन्धलाई सुदृढ बनाउन चीनको लागि श्रीलंकाको सहयोगको ठूलो भूमिका छ ।

'एक क्षेत्र, एक मार्ग' सम्बन्धमा केही असहमति राख्दै भारत परियोजनासँगै आर्थिक विकासको रणनीतिलाई जोड्ने सिद्धान्तसँग सहमत भएको छ । जसको अर्थ हो चीनको सकारात्मक पक्ष र भारतको विकास झन् एकीकृत हुनेछ । यति नै बेला भारतले बंगलादेश-चीन'-भारत, म्यानमार, निर्माणमा गर्न आर्थिक करीडोरको निर्माणमा सहयोग गर्ने वाचा गरेको छ ।

**सहयोगको रूपरेखा**

सिको भ्रमणमा माल्दिभ्स र श्रीलंकासँग दुईपक्षीय सम्बन्धमा चीनले उच्चस्तरको योजना र रणनीति विकास गरेको छ र भारतसँग दुईपक्षीय सम्बन्धको विकासको लागि रणनीतिक मार्गदर्शन प्रदान गरेको छ । राष्ट्रपति यामिनका अनुसार माल्दिभ्स सानो मुलुक भए पनि चीनले सम्मान र महत्व दिन्छ । माल्दिभ्स-चीन सम्बन्ध सानो र ठूलो मुलुकबीच परस्पर सम्मान र दुईपक्षीय सहयोगको लागि नमूना हो । सिको भ्रमणमा दुई शिखर नेता दुई देशबीच भविष्यमुखी, मित्रता र सहकारी साझेदारीलाई स्थापित गर्न सहमत भएका छन् ।

चीन-श्रीलंका सम्बन्ध सन् २०१३ मा जस्तै इमानदारी, परस्पर सहयोग र सधैँको मित्रता दुवै मुलुकको कुटनीतिका लागि अलग हुन नसकिने भएको छ । यो वर्ष सिको श्रीलंका भ्रमण दुवै पक्षले रणनीतिक सहकारी साझेदारीलाई गहिराइसम्म पुऱ्याउने कार्ययोजनामा हस्ताक्षर गरेका छन् जसले रणनीतिक सहकारी साझेदारीलाई दिशानिर्देश गर्नुका साथै आधार पनि तयार गरेको छ ।

शान्ति र समृद्धिको लागि रणनीतिक साझेदारीलाई बलियो बनाउनुको साथै चीन र भारतले महसुस गरेको छ- दुई देशको प्रगतिले अगाडि बढ्न सहयोग गर्नेछ, निकट विकास साझेदारी निर्माण गर्ने अठोट गरेको छ, जुन रणनीतिक र सहयोगी अभियानको प्रमुख अंग हुनेछ ।

दक्षिण एसियाको आर्थिक विकासमा गम्भीरतापूर्वक संलग्न हुने चीनको इच्छालाई यस क्षेत्रमा रहेका देशले सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् । शाङ्घाई सहयोग संगठनमा आबद्ध हुन चाहने राष्ट्रको इच्छालाई चीन त्यसरी नै समर्थन गर्छ । यस सन्दर्भमा पारस्परिक विकास परिपूरक छ । दक्षिण एसिया क्षेत्रीय सहयोग संगठनको विकासमा चीनको योगदानलाई माल्दिभ्सले स्वागत गर्दै सार्कसितको सम्बन्धलाई अझ बलियो बनाउन चीनको प्रयासलाई समर्थन गर्न अपील गरेको छ । पर्यवेक्षकको रूपमा चीनले सार्कलाई अझ बढी योगदान गरोस् भन्ने श्रीलंकाले चाहेको छ । एसिया क्षेत्रीय सहयोग संगठनको घेराभित्र रहेर चीनसँगको सहकार्यलाई विस्तार गर्न भारत सहमत भएको छ । स्थापनाकालीन सदस्यको रूपमा श्रीलंका एसिया पूर्वाधार लगानी बैंकमा आवद्ध भएकोमा चीन स्वागत गर्छ । शाङ्घाई सहयोग संगठन र श्रीलंकाबीचको सहयोगलाई प्रवर्द्धन गर्न इच्छा व्यक्त गरेको छ र शाङ्घाई सहयोग संगठनको पर्यवेक्षकको निम्ति श्रीलंकाको निवेदनलाई चीनले महत्वका साथ समर्थन गर्छ ।

क्षेत्रीय साझा विकासतिर बढिरहको अवस्थामा एसियामा क्षेत्रीय शान्ति र स्थायित्वलाई नै प्रमुख प्राथमिकतामा राख्न चीन र भारत सहमतिमा पुगेका छन् । अन्तर्राष्ट्रिय कानुनको आधारभूत सिद्धान्तमा रहेर खुला, पारदर्शी, समानता र समावेशी सुरक्षा र सहयोग प्रणाली बनाउन दुई देश मिलेर अघि बढेका छन् । एसियामा क्षेत्रीय बहुपक्षीय सहयोगको संयन्त्रलाई दुवै राष्ट्रले समर्थन गरेका छन् ।

विश्वव्यापी मुद्दाको सन्दर्भमा चीन जलवायु परिवर्तनसहित अरू क्षेत्रमा माल्दिभ्ससँगको समन्वय अझ बढाउने तयारीमा छ । यसको अतिरिक्त श्रीलंकासँग संयुक्त राष्ट्र सङ्घसहितको बहुपक्षीय संयन्त्रभित्र रहेर सञ्चार र सहयोगलाई बढाउने अठोट गर्छ र मानवअधिकार, जलवायु परिवर्तन, आतंकवाद र विकासोन्मुख राष्ट्रको साझा हितलाई रक्षा गर्न अन्तरदेशीय अपराध नियन्त्रणजस्ता क्षेत्रमा सहयोग बढाउनेछ । चीन-भारत सहयोग क्षेत्रीय र विश्वव्यापी रूपमै अझ बढी अर्थपूर्ण भएको छ । दक्षिण एसियामा भारत ठूलो राष्ट्र हो भने चीन भारतको ठूलो छिमेकी राष्ट्र हो । दुवैको संयुक्त प्रयासले क्षेत्रीय शान्ति, स्थायित्व र समृद्धि हासिल गर्न सक्छ । चीन र भारत ठूला विकासोन्मुख राष्ट्र भएको हुँदा उस्तै प्रकृतिका चुनौती सामना गरिरहेका छन् । तिनीहरूसँग साझा हितका धेरै सवालहरू छन् । न्यायिक र समानता, अन्तर्राष्ट्रिय राजनीति र आर्थिक हित र विकासोन्मुख राष्ट्रको साझा हितलाई रक्षा गर्नमा चीन र भारतको काँधमा ठूलो दायित्व रहेको छ । जसको लागि विश्व मामिलामा बलियो रणनीतिक सहयोगको आवश्यकता छ । भारत भ्रमणमा चिनियाँ राष्ट्रपति सिले भनेका थिए 'यदि हामीले हातेमालो गर्ने हो भने सारा संसारको ध्यान हामीतिर हुनेछ ।'

चीनको निम्ति सौविध्य छिमेकी वातावरण निर्माणको लागि केही वर्ष अगाडि सि जिङपिङ मध्य एसिया, दक्षिण पूर्वी एसिया, उत्तरपूर्वी एसिया र दक्षिण एसियाका १३ राष्ट्रको भ्रमण गरेका थिए । शान्ति, स्थायित्व र समृद्धि अभिवृद्धिको उद्देश्यले गरिएको दक्षिण एसियाको भ्रमणले चीन र छिमेकी मुलुकबीच दुई पक्षीय सम्बन्धमा प्रगति भएको छ भने 'एक क्षेत्र, एक मार्ग' को अवधारणामा पनि प्रगति भएको छ । यद्यपि यस क्षेत्रमा धार्मिक र जातीय द्वन्द्व, दक्षिण एसियामा भारतीय थिचोमिचो आकाङ्क्षा र मध्य एसियाको भद्रगोलले क्षेत्रीय विकासलाई अनिश्चित बनाएको छ । दक्षिण एसिया रणनीतिलाई पूर्णता दिन चीनले लामो यात्रा तय गर्न बाँकी नै छ ।

China's New Diplomatic Blue Print
For South Asia
CHINA TODAY
Vol.63, No.11 Nov 2014

# मोदीले अमेरिकासँग हतियार किन्लान् ?

भारत चीनपछि विश्वको सबैभन्दा ठूलो बजार हो; जसका कारण चीन, रुस, बेलायत, फ्रान्स, अमेरिकालगायत देशहरू भारतीय बजार हडप्न ठूलो कसरत गरिरहेका छन् । ओबामा प्रशासनले भार तसँग बढाएको निकटताका कारण चीन-पाकिस्तानसमेत झस्किएको ठानिन्थ्यो । ट्रम्प प्रशासनले ओबामा नीतिलाई नै निरन्तरता दिने घोषणा त गरेको छ तर भारत र अमेरिकाका सम्बन्धमा दुईओटा उल्झन देखिएका छन् । पहिलो, अमेरिकाको भारतसँग मासिक ४० अर्ब अमेरिकी डलर व्यापार घाटा छ । हतियार व्यापारमा टिकेको अमेरिकाका लागि भारतसँगको व्यापार घाटा घटाउने एक मात्र उपाय हतियार बिक्री हो । भारतले अमेरिकाबाट साउदी अरबलेझैं हतियार खरिद गर्ने सम्भावना कम छ किनकि भारतको रुससँग परम्परागत र विश्वसनीय रणनीतिक साझेदारी छ । अमेरिकाको ज्यानी दुश्मन इरानसँग पनि भारतको राम्रो सम्बन्ध छ । अर्कोतिर अमेरिका आफगानिस्तानमा पुनः अमेरिकी सेना थप्ने मनस्थितिमा देखिन्छ । अफगानिस्तान र पाकिस्तानका बीचमा खुला सिमान छ र पाकिस्तानको सहयोग नभईकन तालिवान विद्रोहीसँग लड्न कठीन छ । यतिबेला नरेन्द्र मोदी अमेरिका भ्रमणमा छन् । विश्व शक्तिको दावी गरिरहेको भारतसँग एकतर्फी सम्बन्ध राख्दा पाकिस्तानसमेत अमेरिकाको विरुद्ध जाँदा अमेरिकालाई थेग्न गाऱ्हो छ । मोदीले अमेरिकासँग हतियार खरिदको सम्झौता नगरे ट्रम्पले भारतसँगको व्यापार घाटा कम गर्न भारतसँगको सम्बन्धमै पुनरावलोकन गर्न सक्ने देखिन्छ । रुस, इरान र चीनसँगको टाढा हुन भारतलाई त्यति सहज छैन । भारतले अमेरिकाबाट ड्रोन खरिद गरेको छ तर ट्रम्प प्रशासन भारतलाई लडाकु जहाज बेच्न र भारतीय बजारमा लगानी गर्न चाहन्छ । तर, भारत विश्वको लोभ लाग्ने बजार, उपभोक्ता मात्र बनिरहन चाहन्न । उसले 'मेक इन इन्डिया' नारा लगाउन थालेको छ । भारतीय प्रम मोदीले अमेरिका भ्रमणको अवसरमा अमेरिकासँग हतियार खरिद सम्झौता गर्छन् या गर्दैनन् ? त्यसले धेरै हदसम्म भारत-अमेरिका सम्बन्ध निर्धारण गर्न सक्छ ।


जनपक्षीय अखबार रातो खबर साप्ताहिकको निरन्तरता र प्रगतिको कामना गर्दछु ।

सोमराज आचार्य
भरतपुर-१, रामनगर, चितवन

मौलाकालिका यातायात व्यवसायी समिति
चितवन

e/kbf[/ ;'/lIft ofqfsf]nflu xfdLnfO{;DemgXf];\ oxL c;f/ @# utþlv lrtjgaf6 bl;sf lj]leGg 7fpF l5dþL bz ef/tsf]lbNnL;Dd ;~rfngdf cfpg]Jojxf/f ;a}ofqx¿df hfgsf/L u/fpb5f}+

अध्यक्ष : कृष्ण बराल
९८५५०५९६३३
पुलचोक, नारायणगढ

यहाँ उच्च गुणस्तरीय काठका झ्याल, ढोका, चौकोसलगायत काठका सामग्री र काठहरू सुपथ मूल्यमा पाइन्छ ।

पाखीन स:मिल
प्रो. वीरबहादुर पाखीन
९८५५०६०९२५

▸▸ पृष्ठ १ बाट क्रमशः


# हरिबहादुर कुँवरको स्मृतिमा

सामाधानको पहल हुँदै आएको छ। यसको दृष्टिकोण, प्रवृत्ति, नीति र शैलीमा भने विविधता रहँदै आएका छन्। अहिले पनि यो अवस्था न्यून रूपमा विद्यमान नै छ। कर्णाली प्रदेश र यहाँका जनताको मुक्तिका हिमायती जोसुकैले पनि समस्याको वस्तुनिष्ठ पहिचान, समाधानसम्बन्धी वैज्ञानिक विचार र बदल्नको निम्ति अदम्य साहसका साथ क्रान्तिको ऐतिहासिक एवम् निर्णायक पहलकदमी लिन जरुरी छ। यसका निम्ति कर्णालीका राजनीतिक नेतृत्व एवम् कार्यकर्ता, प्राज्ञिक वर्ग, युवा युवतीहरू, व्यापारी व्यवसायीहरू, शिक्षक, कर्मचारीहरू, सामाजिक व्यक्तित्वहरूलगायत आम-कर्णालीवासी जनसमुदायहरू तयार हुनैपर्छ।

कर्णाली प्रदेशको प्रमुख समस्या एकीकरणको नाममा पृथ्वीनारायण शाहले थालनी गरी बहादुर शाहले पूर्णता प्रदान गरेको शोषक वर्गको सामन्ती एकात्मक एवम् केन्द्रीकृत राज्यसत्ता हो। जसले कर्णालीका जनताको आफ्नै राज्य सिञ्जालाई अतिक्रमण गरी केन्द्रीकृत राज्यमा विलिन गरायो। त्यो बेलादेखि कर्णाली आन्तरिक राज्यविहिन भई यसको स्वाधीनताको मुद्दा प्रमुख बन्न पुग्यो। आफ्नो सिञ्जा राज्यमा कर्णालीका जनताले शासन सञ्चालन गरिराखेका थिए। यद्यपि त्यो बेलाको समाज विकासको स्तर, चेतना र राज्य सञ्चालकहरूको विचार एवम् प्रवृत्तिगत सीमाका कारण परम्परागत भए पनि त्यो कर्णालीका जनताको आफ्नै राज्य र शासन थियो। राज्यको चरित्र र शासकीय ढाँचालाई हेर्दा त्यसलाई कर्णालीका जनताको परम्परागत गणतन्त्रात्मक राज्य भन्न सकिन्छ। यो राज्यको शासन व्यवस्था पनि कब्जा गरियो। कर्णालीका जनता राजनीतिक अधिकारबाट बंचित भए। अतयव, कर्णाली राष्ट्रको आन्तरिक राष्ट्रिय स्वाधीनता र राज्य सञ्चालन गर्ने राजनीतिक अधिकार खोसियो। त्यो बेलादेखि कर्णाली प्रदेशको पराधीनता र जनताको राजनीतिक स्वतन्त्रताको मुद्दा प्रमुख बन्न गयो।

१८४६ मा बहादुर शाहको सेनाले सामान्य युद्धको नियम विपरीत दशैंको नवमीको राती षड्यन्त्रकारी, अनैतिक र अमानवीय ढंगले कर्णालीवासी जनताको सिञ्जाराज्य कब्जामा लिएपछि १९०३ सम्म ५८ वर्ष पृथ्वीनारायण शाहका सन्तानले, १९०३ देखि २००७ सम्म १०४ वर्ष जंगबहादुर राणाले सञ्चालन गरेको जहानियाँ राणा शासकले, २००७ सालदेखि २०१७ सालसम्म ११ वर्ष राणा, राजा र नेपाली कांग्रेसले, २०१७ सालदेखि २०४६ सालसम्म ३० वर्ष राजा महेन्द्रले स्थापना गरी सञ्चालन गरेको पञ्चायत स्वरूपको सामन्ती राजतन्त्रले, २०४६ सालदेखि २०६३ सालसम्म १८ वर्ष राजा एवम् संसदवादी दलहरूले चलाएको राज्यसत्ता र शासन व्यवस्था शोषक वर्गकै हो। त्यसको वर्ग, चरित्र र स्वार्थ एउटै छ। १८४६ देखि २०६३ सालसम्म २१७ वर्ष कर्णाली र त्यहाँका जनतामाथि शासन गर्ने वर्ग एउटै मात्र शोषक वर्ग हो। विश्व मानव समाजको ऐतिहासिक विकास प्रकृयामा आदिम साम्यवादी समाजमा नकारात्मक चिन्तन, प्रवृत्ति, स्वार्थ, सोच र संस्कारको उपजको रूपमा समाज वर्गमा विभाजित हुनु र त्यसको सामाजिक स्वरूप दासयुग हुनुबाट दास मालिकको रूपमा सामाजिक अस्तित्वमा आएको वर्ग शोषक वर्ग हो। मानव समाजको गतिशील विकास, मानव सभ्यताको विकासको ऐतिहासिक प्रकृयाको प्रारम्भमा प्राकृतिक प्रतिकूलतासँग संघर्ष र दासयुगबाट आउँदा समाज वर्गमा विभाजित भएपछि समाजको चालकशक्ति भीषण वर्गसंघर्षबाट आर्जित ज्ञान, श्रमजीवी वर्गसंगको संघर्षको जोखिमी र शोषक वर्गका अन्य प्रतिनिधिहरूको शासकीय चाहना एवम् महत्वाकांक्षाको परिणाम यो वर्गले शासन सञ्चालनको ढाँचा र शासकहरूमा फेरबदल गर्दै आफ्नो राज्यसत्ताको अन्त्येष्टिलाई रोक्ने दुस्साहस जन्मकालदेखि गर्दै आएको छ। नेपालमा पृथ्वीनारायण शाहको शासन, राणा शासन, राणा-राजा र कांग्रेस शासन, पञ्चायती शासन र राजतन्त्रात्मक संसदीय व्यवस्था यसैको उपज र निरन्तरता मात्र हुन्। शासक र शासकीय स्वरूपमा फेरबदलको नौटंकी गरेर श्रमजीवी जनतालाई मुर्ख बनाई आफ्नो राज्यसत्ता बचाइराख्ने दुस्प्रयासहरू शोषक वर्गले निरन्तर गर्दै आएको छ। यसैलाई बीसौं शताब्दीको पूर्वाद्धमै विश्व श्रमजीवी वर्गका विचारक एवम् महान् नेता लेनिनले "संसदीय व्यवस्थालाई खसीको टाउको राखेर कुकुरको मासु बेच्ने थलो हो" भन्नुभयो। यसर्थ, नेपालमा १८२५ मा स्थापना गरेको एकात्मक तथा केन्द्रीकृत सामन्ती सत्ताका शासक र शासकीय ढाँचामा नयाँ-नयाँ कलमी लगाएर शोषक वर्गले उत्पीडित जनतामाथि निरन्तर शासन गर्दै आइरहेको छ। स्मरण होस्, १८२५ देखिको शासक शोषक वर्ग, वर्गीय चरित्र र वर्गस्वार्थमा आजका मितिसम्म किञ्चित परिवर्तन आएको छैन। वर्तमान नेपाली समाजका वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, सामाजिक एवम् सांस्कृतिक, आर्थिकलगायत यावत् समस्या यही शोषक वर्ग र यसको राज्यसत्ताका उपज हुन्।

नेपाली राजनीतिक रंगमंचमा एउटा बडो मजाक के भयो भने त्यो बेलाको शोषक वर्गको सामन्ती राज्यसत्ता र त्यसको संसदीय व्यवस्थामा आमूल परिवर्तन गर्नको निम्ति नेपाली स्वाभिमानी एवम् श्रमजीवी जनताले नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा १० वर्ष सशस्त्र जनयुद्ध लडे। त्यसको आडमा १९ दिनको ऐतिहासिक आन्दोलन पनि भयो। जनयुद्धको नेतृत्व गरेका प्रचण्ड-बाबुरामहरू २०६३ सालपछि शोषक वर्गको




*अहिले पनि कर्णाली दलाल पुँजीपति वर्गको केन्द्रीय राज्यसत्ताको उपनिवेश नै छ। यो पृथ्वीनारायण शाहको राज्यसत्ताको निरन्तरता हो। दलाल पुँजीपति वर्गको केन्द्रीय राज्यसत्ताको उपनिवेशवाट कर्णालीलाई मुक्त गरी आन्तरिक राष्ट्रियताको दृष्टिले स्वाधीन बना( उनु कर्णालीका क्रान्तिकारी नेता कार्यकर्ता, राष्ट्रवादीहरू, उद्योगी, व्यवसायी, युवा-युवतीहरू, बुद्धिजीवीहरू, महिला र दलितहरू, शिक्षक-कर्मचारीलगायत आम श्रमजीवी कर्णालीवासीको पहिलो कार्यभार हुन आएको छ।*

सामन्ती राज्यसत्ता र त्यसको संसदीय व्यवस्थामा निर्णायक क्रान्ति गर्नुपर्ने देश र नेपाली भोका-नाङ्गा जनताको दायित्वबाट भागेर पृथ्वीनारायण शाहले स्थापना गरेको शोषक वर्गको राज्यसत्ताका वर्तमान शासक बन्न पुगे। प्रचण्ड-बाबुरामहरू सामन्ती एकात्मक राज्यसत्ताका त्यो बेलाका शासक पृथ्वीनारायण शाह र बहादुर शाह बनेर गएनन्, यिनीहरू राणाहरूको जहानियाँ शासक जंगबहादुर राणा बनेर पनि शासन गर्न गएनन्, न निरंकुश पञ्चायती शासक राजा महेन्द्र बनेर शासन गर्न गए, न त राजतन्त्रात्मक संसदीय व्यवस्थाका राजा वीरेन्द्र, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी बनेर शासन गर्न गए। यिनीहरू त शोषक वर्गको वर्तमान नेपाली राज्यसत्तालाई १० वर्षको महान् जनयुद्ध र १९ दिनको ऐतिहासिक जनआन्दोलनका उपलब्धिहरूले रङ्गरोगन गर्न मूर्खता गरिएको दलाल संसदीय व्यवस्थाको कथित संघीय लोकतान्त्रिक गणतन्त्रको शासक बन्न गए।

नेपालको राजनीतिक इतिहासमा केन्द्रीकृत तथा एकात्मक सामन्ती राज्य निर्माणदेखि हालसम्म शासक वर्गको स्वरूपमा भने भिन्नता हुँदै आएको छ। पृथ्वीनारायण शाहको चरित्र एकात्मक एवम् केन्द्रीकृत सामन्ती थियो भने जंगबहादुर राणाको जहानियाँ, राजा महेन्द्रको निरंकुश पञ्चायती थियो भने राजा वीरेन्द्र, गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारीको राजतन्त्रात्मक तथा संसदीय प्रतिकृयावादी थियो। अहिले प्रचण्ड-बाबुराम र संसद्वादी दलका मुख्य नेतालगायत शासकहरूको चरित्र दलाल पुँजीवादी छ। शोषक वर्गको दलाल पुँजीपति हिस्साको राज्यसत्तालाई संघीय लोकतान्त्रिक गणतन्त्रको 'झोला च्यापेर' शासक बनिराखेका छन्। वास्तवमा शोषक वर्गको राज्यसत्ता ध्वंस भएर नेपाली श्रमजीवी जनताको राज्यसत्ता स्थापित भइसकेको छैन। नेपाली जनताले अनिवार्य रूपमा सम्पन्न गर्नुपर्ने नेपाली क्रान्तिको गहन कार्यभार बाँकी नै छ। यस विषयमा नेपाली जनतालाई कति पनि भ्रम हुनुहुँदैन र भ्रम रहन पनि दिनुहुँदैन।

कर्णालीको क्षेत्रीय उत्पीडिनको प्रश्न आफ्नो सारतत्वमा शोषक वर्गको राज्यसत्ताको केन्द्रीय प्रश्न हो। कर्णालीका समस्याको समाधान कर्णालीस्तरमा मात्र खोजेर पूर्ण र संभव दुवै हुँदैन। यो त 'टाउकोको बिरामीलाई खुट्टामा उपचार गर्ने डक्टर' को जस्तो हुन्छ। ऐतिहासिक भौतिकवादी तथ्य पनि के हो भने सामन्ती केन्द्रीकृत राज्यसत्ताका सञ्चालकहरूले नै कर्णालीको स्वाधीनता र जनताको राजनीतिकलगायत समग्र अधिकारलाई खोसेका हुन्। त्यसपछि कर्णालीलाई शासकहरूले पाइला-पाइला गर्दै अहिलेको नाजुक अवस्थामा पुऱ्याए।

केन्द्रीय राज्यसत्ता र शासक वर्गको अनुहारलाई जीवन्त चित्रण गर्ने कर्णाली प्रदेश एवम् कर्णालीका जनताको वर्तमान दर्दनाक अवस्थाको सधैँको निम्ति अन्त्य गर्न शोषक वर्गको दलाल पुँजीवादी केन्द्रीय राज्यसत्ता, त्यसका शासकहरू र दलाल संसदीय व्यवस्थाको दाहसंस्कार पहिलो शर्त हो। आफ्नो राष्ट्रको स्वाधीनता र राजनीतिक अधिकार प्राप्तिको निम्ति नेपाली जनताले ऐतिहासिककालदेखि गर्दै आएको अनवरत संघर्षको उच्च एवम् केन्द्रीकृत रूपमा अभिव्यक्त नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा नेपाली जनताले अगाडि बढाएको १० वर्षको महान् जनयुद्ध हो। १९ दिनको आन्दोलन जनयुद्धको धरातलमा भएको थियो। जनयुद्ध नेपालमा विद्यमान शोषक वर्गको राज्यसत्ता, शासन व्यवस्था र शासकहरूलाई निर्मूल पार्ने राजनीतिक उद्देश्यद्वारा सञ्चालित युद्ध थियो। शोषित वर्गको राज्यसत्ता स्थापनाको महान् अभिभारा बोकेको जनयुद्ध आफ्नो १० वर्षकै समयावधिमा विजयको सन्निकट जब पुग्यो, तब त्यो बेलाको साम्राज्यवाद, भारतीय विस्तारवाद र यो देशका संसदीय प्रतिकृयावादीहरू जनयुद्धलाई निस्तेज पार्ने षड्यन्त्रमा लागे। विजयोन्मुख जनयुद्धले पैदा गरेको खतराको सामना गर्ने हिम्मत नगरेर प्रचण्ड-बाबुरामको आत्म-सुरक्षावादले शोषक वर्गको दलाल संसदीय व्यवस्थाका अगाडि आत्मसमर्पण गऱ्यो। यिनीहरूले नेपाल कम्युनिस्ट पार्टी (माओवादी), नेपाली क्रान्ति, देश र नेपाली जनताको निम्ति धोका र गद्दारी गरेर क्रान्तिमा अक्षम्य अपराध गरे। नेपाली क्रान्तिले भयानक क्षति बेहोऱ्यो। क्रान्ति अधुरै रह्यो र छ।

नेपाली श्रमजीवी वर्गको क्रान्तिको पूर्णता, देशको अस्तित्व एवम् स्वाधीनताको रक्षा, नेपाली शोषित वर्गको राज्यसत्ता निर्माण, शासन व्यवस्था स्थापना, देशको विकास र नेपाली जनताको समृद्धिको निम्ति नेपाली क्रान्तिको पूर्णता क्रान्तिकारी कम्युनिस्ट पार्टी र नेपाली श्रमजीवी जनताको पहिलो कार्यसूची हो। क्रान्तिको यो दायित्व निर्वाह गर्न क्रान्तिकारी राजनीतिक शक्तिले एक्काईसौं शताब्दीको विश्व, यसको नेपाली समाजमा प्रभाव, आफ्नो देशको वास्तविक अवस्था र क्रान्तिकारी शक्तिको देश तथा जनताप्रतिको उत्तरदायित्वलाई दृष्टिगत गरी नेपाली क्रान्तिको कार्यदिशा निर्धारण गर्नुपर्दछ। जुन कार्यदिशा नेपालका श्रमजीवी जनताको राज्यसत्ता निर्माण गर्ने र दलाल पुँजीपतिवर्गको वर्तमान राज्यसत्ताको चिहान खन्ने होस्। देशको मुक्ति, नेपाली क्रान्ति र राष्ट्रिय राजनीतिको आवश्यकतालाई परिलक्षित गरी नेपाली श्रमजीवी जनताको पार्टी नेपाल कम्युनिस्ट पार्टीले आफ्नो स्थापनाकालदेखि नेपाली क्रान्तिको वैज्ञानिक कार्यदिशाको रूपमा 'एकीकृत जनक्रान्ति' अगाडि सारेर प्रयोग गरिराखेको छ। एकीकृत जनक्रान्तिको कार्यदिशाको राजनीतिक लक्ष्य शोषक वर्गको दलाल पुँजीवादी राज्यसत्ता, दलाल संसदीय व्यवस्था र दलाल शासकहरूको अन्त्य गर्नु हो। एकीकृत जनक्रान्तिको पूर्णताले स्थापना गर्ने राज्यसत्ता शोषित वर्गको राज्यसत्ता हो। शोषित वर्गको राज्यसत्ताको समाज व्यवस्था 'वैज्ञानिक समाजवाद' हो। यो समाज व्यवस्थाका सञ्चालक वा मालिक नेपाली श्रमजीवी वर्ग हुन्छन्; जसमा उत्पीडित वर्ग जाति, क्षेत्र, लैङ्गिक, दलित समुदाय, राष्ट्रवादी तप्कालगायत आम-उत्पीडित जनता पर्दछन्। नेपाली श्रमजीवी वर्गको कम्युनिस्ट पार्टीको नेतृत्वमा आम नेपाली श्रमजीवी वर्गको शासनलाई सुनिश्चित गरिने व्यवस्था वैज्ञानिक समाजवादी व्यवस्था हो। देशको मुक्ति, नेपाली श्रमजीवी जनताको शासन र देशको विकास एवम् समृद्धिको लागि वैज्ञानिक समाजवादको स्थापना अनिवार्य मात्र होइन ढिलो भइसकेको छ।

अहिले पनि कर्णाली दलाल पुँजीपति वर्गको केन्द्रीय राज्यसत्ताको उपनिवेश नै छ। यो पृथ्वीनारायण शाहको राज्यसत्ताको निरन्तरता हो। दलाल पुँजीपति वर्गको केन्द्रीय राज्यसत्ताको उपनिवेशवाट कर्णालीलाई मुक्त गरी आन्तरिक राष्ट्रियताको दृष्टिले स्वाधीन बनाउनु कर्णालीका क्रान्तिकारी नेता कार्यकर्ता, राष्ट्रवादीहरू, उद्योगी, व्यवसायी, युवा-युवतीहरू, बुद्धिजीवीहरू, महिला र दलितहरू, शिक्षक-कर्मचारीलगायत आम श्रमजीवी कर्णालीवासीको पहिलो कार्यभार हुन आएको छ।

कर्णालीका जनताको शासन सञ्चालनको अधिकारका दृष्टिले दलाल संसदीय शासन व्यवस्थाको निर्मूल गरी वैज्ञानिक समाजवादी शासन व्यवस्थाअन्तर्गत 'आत्म-निर्णयको अधिकारको स्वीकृति' सहित कर्णालीका जनताको 'स्वशासन' को अधिकार स्थापित गर्नुपर्छ। आन्तरिक राष्ट्रिय स्वाधीनता र शासन व्यवस्थामा 'स्वशासन' को अधिकार प्राप्त गर्नुले कर्णाली प्रदेश र कर्णालीवासी जनताको क्षतिपूर्तिसहित वास्तवमै मुक्ति र स्वतन्त्रता स्थापित हुन्छ। यसका निम्ति कर्णाली प्रदेश र कर्णालीवासीहरू नेपाली जनताको वैज्ञानिक समाजवादी शासन व्यवस्था स्थापना गर्न एकीकृत जनक्रान्तिको दिशामा दृढताका दसाथ अगाडि बढ्नुपर्छ।

अन्तमा, महान् सहिद हरिबहादुर कुँवरप्रतिको सच्चा श्रद्धाञ्जली, सहिदपथको यात्रा र सपनाको साकार तब मात्र हुनेछ जब एकीकृत जनक्रान्तिको कार्यदिशाद्वारा देशमा विद्यमान शोषक वर्गको दलाल पुँजीवादी राज्यसत्ताको अन्त र नेपालका श्रमजीवी जनताको राज्यव्यवस्था वैज्ञानिक समाजवाद स्थापना गरी कर्णाली प्रदेशको आन्तरिक राष्ट्रिय स्वाधीनताको सुनिश्चितता र कर्णालीका जनताले स्वशासन प्राप्त गर्नेछन्। महान् सहिद हरिबहादुर कुँवर - लाल सलाम!

१४ असार, २०७४

## कविता

# तिम्रा हात र उनीहरूको झूठ




***नाजिम हिकमत***

(१५ जनवरी १९०२-३ जुन १९६३)

मौरीजस्तै
तिम्रा हातहरू
दक्ष र उद्यमशिल छन्
भोकले पीडित
बच्चाको अनुहारजस्तै
रिसाहा छन्।

तिम्रा हातहरू दूधालु छन्
प्रकृतिजस्तै जुझारु छन्
तिम्रो खस्रो हातभित्र
मित्रताको मुलायमता छ।

यो दुनियाँ
साँढेको सिङमा होइन
तिम्रो हातमा अडेको छ
तिम्रो हातमा नाचेको छ।

ती सबै मान्छेहरू
जो तिम्रो हातको
श्रम शोषण गर्छन्
ती सबै झूठ बोल्छन्
ती तिम्रा हातले बनाएको
माटोको गारो जस्ता हुन्
ईंटामा टाँसे ईंटामै टाँसिने
ढुङ्गामा टाँसे ढुङ्गामै टाँसिने
यी माटाका गाराहरू
भेडी गोठालाका
पाल्तु कुकूरजस्ता मात्र हुन्।

यी यसकारण
तिम्रो हातको बारेमा
झूठ बोल्छन्
ता कि
तिमीहरू विद्रोहबाट
चार कोस टाढा बस
र
यी हड्पिरहुन् मुद्राहरू-राजपाटहरू
यी यसकारण
तिम्रो हातको बारेमा झूठ बोल्छन्
ता कि
तिम्रो हातले
तिनको शोषणको साम्राज्य
धुलोपिठो नहोस्
यसर्थ
तिम्रा उद्यमशिल हातहरूका विरुद्ध
यी झूठ बोलिरहन्छन्

**अनुवाद- निभा शाह**

## माफियाको कब्जामा ...

सूचना आफ्नोमा लग्ने, गुणस्तरहीन र अनावश्यक जनशक्ति भर्ती गर्ने भइरहेको छ । जब कि मेट्रो एफएम नाफाका लागि खोलिएकै होइन ।

२०४६ सालमा बहुदल आउनासाथ हेटौँडामा तत्कालीन नेकपा (माले) र आफ्ना नेता-कार्यकर्ताको आर्थिक व्यवस्थापन गर्नका लागि नीतिगत भ्रष्टाचारको रणनीतिअन्तर्गत योजना बनाए । त्यसपछि हेटौँडा बजारबाट पश्चिम-उत्तर पहाडको घाँचमा सहिदपार्क बनाउने निर्णय गरे । त्यसपछि त्यहाँका आदिवासीबाट कौडीको मोलमा थुप्रै नेताहरूले जग्गा खरिद गरे । सो जग्गालगत्तै सहिद पार्कले महंगोमा खरिद गर्‍यो, गराइयो । त्यसपछि नाटकीय ढंगले एमाले मकवानपुरका नेताहरूको वर्ग-उत्थान भयो । सरकार र सत्तामा पहुँच हुनेहरूले त्यसरी देशभरि नीतिगत भ्रष्टाचार गर्छन् । त्यसरी काठमाडौँले डाँकाहरूलाई फुक्काफाल छोड्छ र चोरहरूलाई जेलमा कोच्दछ ।

पोल्ट्रि फर्ममा विदेशी लगानी गर्नेबारे संसद्मा प्रेषित विधेयक मुल्तवीमा छ । अहिले चितवनमा नेपाली नागरिकता भएका भारतीयमार्फत् लगानी भित्रिएको छ । जसको उद्देश्य नेपालमा पोल्ट्रीफर्मलाई आत्मनिर्भर बन्न नदिनु र भारतीय बजार सुरक्षित गर्नु हो । यसरी चोरबाटोबाट लगानी भएको सबैलाई थाहा छ तर कानुनले देख्दैन । नेताहरू बोल्दैनन् । त्यस्तो अवैध लगानी सञ्चारमा झनै बढी भएको चर्चा छ । चितवनमा सिएमएस (पुरानो मेडिकल कलेज) ले मुटु रोगको उपचारको तयारी गर्दै थियो । त्यसैबेला पूर्वमन्त्री तथा चिकित्सक उपेन्द्र देवकोटाले सो मेडिकल कलेजका सञ्चालक नटराजलाई पटक-पटक मुटुरोग विभाग सञ्चालन नगर्न दबाब दिएका दिएका थिए । "यस्तो नाम चलेका व्यक्ति नै यस्तो फोहोरी खेल खेल्छन्" नटराज गुनासो गर्छन् । चितवनमा मुटुरोग अस्पताल खुल्यो भने उपत्यकाबाहिरका विरामी काठमाडौँ आउन घट्ने भएकाले काठमाडौँका शक्तिशाली र पहुँचवाला चिकित्सकहरू राजधानी बाहिर राम्रा अस्पताल चल्न नदिने खेलमा भित्रभित्रै सक्रिय छन् ।

दुई वर्षअघि भूकम्प गयो । भूकम्प पीडितलाई रोजगार दिने लोकप्रिय नारामा हजारौँ ट्याक्सी राजश्व छुटसहित ल्याइए । निश्चित कम्पनीसँग मिलेमतोमा करोडौँ रकम कमिसन लिइयो । हरेक सरकार आउँदा काठमाडौँमा एकथरी सवारी विस्थापित हुन्छन् र अर्कोथरी भित्रिन्छन् । अहिले स्थानीय निकायको चुनावसँगै नयाँ र ठूला सवारी साधन भित्र्याउने चर्चा चलिरहेको छ । कमिसन मिलेपछि त्यो खेलको पटाक्षेप हुनेछ । काठमाडौँमा त्यो खेल निरन्तर चलिरहेको छ ।

हरेक भीआईपी पक्राउ पर्नासाथ नर्भिक अस्पतालको आईसीयु वा भीभीआईपी कक्षमा पुग्छन् किन होला ? हरेक भीआईपी पक्राउ पर्नासाथ बिरामी पर्ने र नर्भिकमै जानुपर्ने कारण के होला ? उनीहरू विरामीको बहानामा नर्भिक पुग्छन् । अस्पतालमा निगरानी कम हुन्छ । दृश्य र स्वर रेकर्डिङ गर्ने-हुने सम्भावना कम हुन्छ । अस्पतालका बिरामीमाथि सञ्चारको निगरानी पनि कम हुने नै भयो । त्यसैले त्यही पक्ष-विपक्षको लेन-देन हुन्छ, हिसाब मिलाइन्छ । त्यसैले त कनकमणि, चूडामणि शर्मा, लोकमानसिंह कार्की, भरत सुवेदी पक्राउ पर्नासाथ नर्भिक पुग्छन् । त्यसैले ठूला अस्पतालको बोर्डभित्र कमिसनको भयानक हिसाब मिलान हुन्छ ।

कालीगण्डकी जलविद्युत आयोजनाको नेपाली लगानी र प्रविधिमा बनाउने गरी प्रक्रियासमेत सुरु भइसकेको थियो । दाहाल-देउवालाई चुनाव खर्च चाहियो । सारा प्रचलित प्रक्रिया मिचेर २ अर्बभन्दा बढी कमिसनमा गेजुवालाई बेचियो तर पनि कुनैपनि ठूला सञ्चार र दलका नेताहरू मुख खोल्दैनन् । किनकि गेजुवा कम्पनीका दलाल डडेलधुरा निवासी दिपक भट्टले सबैको मुखमा बुझो कोचिदिएका छन् । सरकारी निकायका मेशीन जानाजान बिगारिन्छ र कमिसन खानकै लागि नयाँ खरिद गरिन्छ ।

गत वर्षदेखि समयमा पुस्तक विद्यालयमा पुऱ्याउन नसकेको भन्दै निजी प्रकाशकलाई प्रतिस्पर्धामा दिने निर्णय भयो । अधिकारवाला निकायले दुईवटा प्रेससँग कमिसन टुङ्गो लगाए । त्यसपछि निवेदन दिनका लागि केही पूर्वशर्त बनाइयो । ती पूर्व शर्त ती दुई प्रेसका मालिकसँग बसेर बनाइएको थियो । ती शर्तहरू त्यस्ता थिए कि अन्यले आवेदन दिन पाउन्नथे । गोरखापत्रको विज्ञापन निजी छापामा पुग्छ, प्रेस काउन्सिलको गाडी भट्टी धाउन प्रयोग हुन्छ तर कोही बोल्दैनन् किन ? लुटको स्वर्गका विरुद्ध बोल्दा जुठो हाड पनि खोसिने खतरा हुन्छ । विज्ञापन कटौती हुन्छ । ज्यान जोखिममा पर्छ । ज्यान र रोटी खतरामा पारेर को बोल्ने ? त्यसैले सबै लोरी गाउँछन् । राजधानी काठमाडौँ भने माफियाले चलाइरहेका छन् । राज्य व्यवस्थाको चरित्रमा आधारभूत परिवर्तन नभएसम्म संसदीय व्यवस्थाका कारिन्दाहरूले सुधारको गीत जति गाए पनि काठमाडौँ माफियाको नियन्त्रण बाहिर आउने कुनै सम्भावना देखिन्न ।

## मुग्लिन–नारायणगढ ...

अर्को थप १ वर्षको समयावधि पनि २०७४ पुस ६ मा सकिदैछ । काम भने आधा मात्र भएको छ ।

फरक फरक ३ वटा कम्पनीले सो कामको ठेक्का हात पारेका छन् । २ अर्ब ९० करोडको सो आयोजना आँपटारी-दासढुङ्गा बीएलए एससीसी जेबी कम्पनी, दासढुंगा-सिमलतालखण्ड उडहिल लामा जेभि कम्पनी र सिमलताल-मुग्लिन खण्ड सुप्रीम रौता जेवी कम्पनीले हात पारेका छन् । बिहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म यातायात बन्द गरेर निर्माण कार्य गरिंदै आएको हो । शुक्रबार पहिरो पन्छाएर सक्दा नसक्दै अपरान्ह फेरि ठूलो पहिरो कालीखोला वरपर आएपछि ३४ घन्टा यातायात अवरुद्ध भएको थियो । शनिबार साँझ सो सडक खुले पनि पहिरो जानेक्रम भने रोकिएको छैन । नेपाल प्रहरीका ५ वटा टोली सो क्षेत्रमा खटिएका छन् । शनिबार नारायणगढतर्फ फिस्लिङसम्म पोखरातर्फ खैरहनीसम्म र नारायणगढतर्फ गोन्द्राङ बरन्डाभार जङ्गलसम्म तथा केन्द्रीय बसपार्क भरतपुर परिसरमा समेत यातायातका साधन भरिभराउ थिए । एक सातामा ८ जनाको मृत्यु र २ जना अझै बेपत्ताका घटना भएका छन् । चैतको सुख्खा पहिरोमा परी ६ वटा सवारी साधन पहिरोमा पुरिएका थिए भने एकसाता अघि ३ प्रहरीसहित प्रहरीको एक सवारी साधनलाई पहिरोले त्रिशुलीमा हुत्याइदिएको थियो । तल त्रिशुली नदी, माथि टोपी खस्ने पहाडको बीच नदी किनार हुँदै सो सडक गुज्रन्छ । चोरखाला-चेपाङडाँडा १.६ कि.मि. खण्डमा निरन्तर पहिरो गइरहन्छ । शनिवार पैदलयात्रु सर्लाही, मदनपुरका भिखारी चौधरी र स्थानीय एकबहादु मगर पहिरो हेर्दाहेर्दै पहिरोले धकेलेर नदीमा खसेका थिए ।

सो सडक खण्डमा पटक-पटक दुर्घटना भएपछि गत मंगलबार संसद्को विकास समितिले अनुगमन गरेको थियो । समितिका संयोजक रविन्द्र अधिकारीले मंगलबार भरतपुरमा आयोजित बैठकमा सरोकारवाला पक्षलाई समयभित्र काम सक्न र दुर्घटना न्यूनीकरण उपाय अवलम्बन गर्न निर्देशन दिएका थिए तर सडक विभागका उपमहानिर्देशक तथा आयोजना संयोजक सञ्जय श्रेष्ठले '२ वर्षमा सक्ने आयोजना नै होइन' भनेका छन् । त्यसै हो भने २ वर्षमा सक्ने भनी किन गरेको त ? ठेक्का हात पार्ने, समय लम्ब्याएर कमिसन खाइरहने र यात्रु तथा देश लुट्ने मनसाय निर्माण कम्पनी र अधिकारीहरूमा झल्कन्छ । थपेको समय डिसेम्बरसम्म ६० प्रतिशत मात्र काम हुने थप २ वर्ष थपेर २ वर्षको आयोजनालाई ६ वर्ष पुऱ्याएर दुहुनो गाई बनाउने नियत झल्कन्छ । सडक विभागका महानिर्देशक गोपाल सिग्देलले भने कठीन कामजति सकिएकोले डिसेम्बरसम्म काम सकिने दावी गरेका छन् । अधिकारीहरूकै बीचमा मतैक्य देखिन्न । इच्छाकामना गाप- ६, कालिखोला वरपरको क्षेत्र निकै खतरायुक्त छ ।

दिनहुँजसो पहिरो जाने र रातको यात्रा झन् बढी खतरनाक भएपछि हाल रात्रीयात्रा रोकेर दिउँसो मात्र चलाउन थालिएको छ । राती यात्रा गर्नु, पैदल हिंड्नु, छेउमा बस्नु, पानी परेको समयमा यात्रा गर्नु जोखिमपूर्ण हुने ट्राफिक प्रहरीको दाबी छ । लगातार यातायात अवरुद्ध हुँदा देशभरिका दैनिक ८ हजार सवारी साधन र यात्रुहरूलाई समस्या त परेकै छ चितवनको आर्थिक क्षेत्रमा ठूलो समस्या सृजना भएको छ । कुखुरापालन र त्यससँग सम्बन्धी कारोबार, बिरामी ओसार-पसार, पर्यटन व्यवसाय, केरा व्यापार, माछा व्यवसाय सबैतिर नकारात्मक प्रभाव परेको छ । वैकल्पिक मार्ग प्रयोग गर्दा यात्रुलाई थप समय र आर्थिक भार परेको छ । दुई वर्षअघि गएको भूकम्प र तेर्सो कटान नगरेर सिधा (ठाडो) पारेर जगसमेत कटान गरेको धेरै पहिरो गएको विज्ञहरूको दावी छ ।

मंगलबार पनि नारायणगढ-मुग्लिन सडक खण्ड अवरुद्ध नै छ । बाटो खुल्ने र बन्द हुने प्रक्रियामा लुकामारी खुलजस्तै भएको छ । गत वर्ष मंसिर २ गते सर्वपक्षीय बैठकमा भएका निर्णयहरू निर्माण कम्पनीहरूले लागू नगर्दा मुख्य समस्या भएको दावी चितवनका प्रजिअ नारायणप्रसाद भट्टको छ । गत मंसिर २ गते खाल्डा पुर्ने, धुलो उड्न नदिन पानी हाल्ने, तीनओटै सडक खण्डमा एकएकओटा निगरानी र उद्धार औजार टोली (ऱ्यापिट रेस्पान्स टिम) राख्ने, पहिरो गएको स्थान निर्क्योल गर्न मोटरसाइकल टोली खटाउने, तिनै खण्डमा बिग्रेका साधन तान्ने वाहन तयारी हालतमा राख्ने सहमति भएका थिए । यी सहमति बेवास्ता गरेका कारण धनजनको धेरै क्षति भएको र यात्रुलाई सास्ती भएको चितवन प्रजिअको गुनासो रहेको छ ।

## शर्मापछि ...

महत र ढकाल अझैसम्म फरार छन् । अख्तियारले ३ जनालाई १० वर्ष विगो दामासायीमा धरौटी माग गर्ने बताएको छ । कर फछ्र्योट आयोगले ३० अर्ब ५२ करोड राजश्वमध्ये ९ अर्ब ५४ करोड रूपैंया राज्य कोषमा दाखिला गरेको र बाँकी रकम झन्डै २० अर्ब व्यापारीलाई नै मिनाहा गरिदिएका थिए । कर मिनाहा गरिदिएवापत व्यापारीबाट मोटो रकम असुल गरी अकूत सम्पत्ति जम्मा गरेको आशंका छ । अख्तियारले १२५ फाइलको शुक्रबारसम्म अनुसन्धान गरिसकेको छ ।

अमेरिकी उदार अर्थतन्त्रलाई नेपालमा लागू गर्ने सदाबहार अर्थमन्त्री रामशरण महत अख्तियारसँग लोकमानसिंह कार्की प्रकरणदेखि नै चिढिएका थिए । कार्कीको पतनलाई महतको ओरालो यात्राका रूपमा हेरिएको थियो । कर फछ्र्योट आयोगका कर्मचारीको पक्राउलाई रामशरण महतमाथिकै घेराबन्दीका रूपमा हेरिएको छ । नेपाली कांग्रेसका प्रमुख सचेतक चिनकाजी श्रेष्ठले शेरबहादुर देउवासहितको एउटा छलफलमा मंगलबार अब रामशरणलाई बचाउन नसकिने र त्यसले पार्टीमा पर्न सक्ने नकारात्मक परिणामका विषयमा रणनीति बनाउनुपर्ने सुझाएको कांग्रेस स्रोतको दावी छ । श्रेष्ठको त्यही सुझावलाई पुष्टि गर्नेगरी कांग्रेसनिकट बुद्धिजीवी कृष्ण ज्ञवालीले यसैसाता एक दैनिकमा लेख प्रकाशन गरेका छन् । संसद्को लेखा समितिले कर फछ्र्योट आयोगका विषयमा महतलाई सोधपुछ गरिसकेको छ र समितिका सदस्यलाई महतले 'कर फछ्र्योट आयोगप्रति शंका नगर्न' सुझाएलगत्तै आयोगका शर्मा पक्राउ परेका थिए ।

नेपालको अर्थनीति निर्माणमा अमेरिकाद्वारा दीक्षित रामशरण महतको बर्चश्व दिल्लीको संस्थापन पक्षलाई समेत मन परेको छैन । मोदीको अमेरिका भ्रमणपछि भारत-अमेरिका सम्बन्ध कसरी जान्छ, त्यसले पनि महतको भविष्य धेरै हदसम्म निर्धारण गर्न सक्ने अर्कोथरीको बुझाइ छ ।

## यसकारण ...

अभियानमा पनि सहभागी भएको हो ।'

नेकपा निर्वाचन खारेज तथा वहिस्कार अभियानमा शसक्त रुपमा उभिदा यसबाट के उपलब्धी भयो त ? नेकपाका नेता एवं सेती-महाकाली कमाण्ड इन्चार्ज ओमप्रकाश पुन ' निर्माण' भन्नुहुन्छ-'राजनैतिक उपस्थितिका हिसाबले एउटा बैज्ञानिक समाजवादी धारा र अर्को संसदवादी धारा स्पष्ट भएको छ र नेपालमा क्रान्तिकारी आन्दोलन जारी छ भन्ने शसक्त वैचारिक धारा खडा गरेका छौं ।' नेकपाले कालीकोट जस्ता चुनाव प्रतिरोधका शसक्त नमूना अरु ठाँउमा पेश नगरे पनि देशभरी दर्जनौ ठाँउहरूमा जनकार्वाहीहरू सम्पन्न गरेको छ । जसको सिलसिलामा केन्द्रीय नेता देखि विभिन्न तहका नेता कार्यकर्ताले सहर्ष गिरफ्तारी दिनुका साथै ज्यानको बाजी पनि लगाए । यसको कुल योगफलमा नै नेकपाले संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवादी धारा स्थापित भएको ठान्दछ ।

चुनाव वहिस्कार गर्नुपर्दछ तर शसस्त्र गतिविधिमा नेकपा उत्रनु, उम्मेद्वार अपहरण देखि बम विष्फोटसम्मका घटना गराएर उत्तेजक गतिविधि गरेको भन्ने विपक्षीहरूले आलोचना गरिरहेकाछन् । नेकपाले यस्तो अवस्था सिर्जना हूनुमा आफ्नो बाध्यता भएको र यसको जिम्मेवार स्वयमं सरकार नै हुनुपर्ने बताउँछ । चुनाव वहिस्कार तथा खारेजीको ३ महिने अभियान लिएर जनतामा गएको बेला ठाँउ-ठाँउमा गिरफ्तार र धरपकटका घटना तीव्र बनेर गए । नेकपा नेता पुनको प्रष्टिकरण यूस्तो छ-'शुरुमा हामीले देशभरी शान्तिपूर्ण कार्यक्रम गरिरहेका थियौं । राज्यले बलप्रयोग गऱ्यो, हाम्रा शान्तिपूर्ण कार्यक्रमहरू सभा, वैठकहरूमा हस्तक्षेप गरी अवरोध गरेपछि बाध्यात्मक स्थितिमा हामीले केही बल प्रयोग गरेका हौं ।

निर्वाचनको समयमा चितवनमा महिला नेतृ सिसम शाही, रुपन्देहीमा रेखा मगर लगायत कतिपय नाबालक बच्चासहितका आमाहरू पनि आस्थाकै आधारमा सरकारको निशानामा परे । थुप्रै महिला संगठनका नेता कार्यकर्ताहरूलाई पनि पक्राउ गरियो । महिलाका समस्याहरूलाई लिएर संघर्ष गर्ने महिला संगठन किन चुनाव खारेजी अभियानमा लागेको हो त ? अनेमसंघ क्रान्तिकारीकी केन्द्रीय महासचिव धीरेन्द्रा उपाध्याय 'भृकुटी' भन्नुहुन्छ- 'महिला मुक्ति र अधिकार विद्यमान व्यवस्थाबाट असम्भव छ । नयाँ समाजवादी व्यवस्थाको लडाईमा हाम्रो पार्टी रहेकोले हाम्रो संगठन पनि पार्टीको योजनामा लागेको हो ।'

स्थानीय निकायको चुनावमा प्रत्येक तहमा प्रमुख वा उपप्रमुख मध्ये एकजना महिला उम्मेद्वार बनाउने भनेर चुनावी प्रतिस्पर्धाबाट थुप्रै महिला स्थानिय तहमा निर्वाचित भएर आएका छन्, किन महिला संगठन यसको विरुद्धमा होला र महासचिव उपाध्यायको भनाई छ-'अहिले दुई चार जना महिलाहरूलाई कुनै पदमा पुऱ्याइएको छ । यो हात्तीको देखाउने दाँत मात्र हो । जो महिला जहाँ पुगेका छन् ती महिला अभिजात वर्गीय महिला हुन । किनकि यो राज्यसत्ता नै अभिजात वर्गको पक्षमा छ र आधारभूतवर्गको विरुद्धमा छ । वैज्ञानिक समाजवादी व्यवस्थामामात्र महिला मुक्ति सम्भव हुने हुँदा हामी हाम्रो माउ पार्टीको केन्द्रीय कार्यक्रम अनुसार नै चुनाव खारेजीको आन्दोलनमा सहभागी भएका हौं ।

विद्यमान व्यवस्थामा मजदुरहरूको अत्याधिक श्रम शोषण गरिएको छ । मजदुरहरूले क्षमता अनुसारको काम र काम अनुसारको माम पाउनको लागि बैज्ञानिक समाजवादी व्यवस्थानै आवश्यक भएको निष्कर्षमा मजदुर संगठन छ । त्यसैले पनि मजदुर संगठन चुनाव खारेजी अभियानमा लागेको मजदुर संगठनका केन्द्रीय अध्यक्ष संजीव कुमारको भनाइ छ ।

स्थानिय निकायको चुनावले संसदीय व्यवस्थालाई दलाल संसदीय व्यवस्थामा सस्थागत गर्ने भएकोले नेकपा लगायत उसका विभिन्न जनवर्गीय संगठनहरू शसक्त खारेज तथा वहिस्कार अभियानमा उभिएका हुन । ७५ लाख युवा विदेशमा रहेको र देशमा रहेका लाखौं मानिसहरू सहभागी नभएको यो चुनाव बैध नभएको नेकपाको भनाई छ ।

# राजबन्दी नछुटे २५ गते कोशी अञ्चल बन्द हुने



काठमाडौं/असार २० : नेपाल कम्युनिस्ट पार्टी, कोशी ब्युरो इन्चार्ज, नवीनले गिरफ्तार परेका नेता-कार्यकर्ताहरुलाई असार २३ गतेभित्र रिहा नगरिए कोशी अञ्चल अन्तरगतका सबै जिल्लाहरु असार २५ गते बन्द गर्ने घोषणा गर्नु भएको छ । मंगलबार अपरान्ह प्रेस विज्ञप्ति जारी गर्दै उक्त चेतावनी दिएको हो । प्रेस विज्ञप्तिमा भनिएको छ - दलाल पुँजीवादी स)सदीय व्यवस्थाको कथित स्थानीय चुनाव गराउने नाममा हाम्रो पार्टीका नेता कार्यकर्तालाई देशव्यापी रुपमा गिरफ्तार गर्ने, यातना गर्ने, झुठा मुद्दा लगाउने कार्य वर्तमान देउवा-प्रचण्ड गठबन्धन सरकारले गरेको छ । यो कार्यप्रति हिडिरहेको र घरमा बसिरहेको अवस्थामा प्रहरी प्रशासनद्वारा गिरफ्तार गरिएका नेपाल कम्युनिस्ट पार्टी कोशी ब्युरो सदस्य तथा अनेम संघ (क्रान्तिकारी) का केन्द्रीय सचिव क.इन्दिरा मिश्र (चेतना) सहित मोरङ जिल्लाका ५ जना नेता कार्यकर्तालाई हालसम्म रिहाई नगरेको हुँदा २०७४ साल असार २३ गतेभित्र बिना शर्त रिहाई गर्न सरकारसँग माग गरिन्छ । उक्त अवधिभित्र रिहाई नगरिए असार २५ गते कोशी ब्युरो अन्तर्गत्का सबै जिल्लाहरु विरोधस्वरुप बन्द गर्ने घोषणा गरिन्छ ।

**सूचना !  सूचना !!  सूचना !!!**

अखिल नेपाल जनसांस्कृतिक महासङ्घ
All Nepal Peoples' Cultural Federation
केन्द्रीय समिति
Central Committee

मिति : २१ असार, २०७४

श्री : प्रकाशक/सम्पादक/प्रसारक/संवाददाता
काठमाडौँ, नेपाल ।

**विषय : समाचार सङ्कलन/प्रकाशन/प्रसारणबारे ।**

नेपाली धर्तीमा २०५२ सालमा महान् जनयुद्धको आरम्भ भएपछि पुरानो सत्ताले क्रान्तिकारी गीत-सङ्गीतमाथि प्रतिबन्ध लगाएको थियो । तात्कालीन सरकारले जनताका गीत-सङ्गीत तथा खुला कार्यक्रमहरूमाथि धावा बोल्ने काम गऱ्यो । त्याग, बलिदान र आत्मोत्सर्गको एकीकृत स्वरूप हो हाम्रो जनसांस्कृतिक आन्दोलन । ऐतिहासिक गौरवमय रहेको यो क्षेत्रको भविष्य पनि सुन्दर र उज्यालो नै छ । यसले गम्भीर रूपमा नयाँ यथार्थको मर्मलाई आत्मसातीकरण गरेको छ । क. माओले विदेशी प्राविधिक ज्ञान क्रान्तिको पक्षमा लगाउन आह्वान गर्नुभएजस्तै क्रान्तिकारी गीत-सङ्गीतको सीप, क्षमता र दक्षताको अभिवृद्धिको निम्ति सामना सांस्कृतिक परिवार आज पनि अहोरात्र खटिरहेको छ ।

यसै सदर्भ, अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, केन्द्रीय समितिको आयोजनामा महासङ्घका कोषाध्यक्ष आरोह नेपालीको 'देशको माया' नामक गीति एल्वमको विशेष परिचर्चा कार्यक्रम नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश वली 'सुर्दशन' को प्रमुख आतिथ्यमा निम्न मिति, स्थान र समयका हुने भएकोले उक्त कार्यक्रममा समाचार सङ्कलन/प्रकाशन/प्रसारणको निमित्त उपस्थिति भएर सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

**टिप्पणीकार :**

- हेमन्तप्रकाश वली 'सुर्दशन'
- भूपाल राई
- सुरेश अधिकारी

२१ असार, २०७४, बुधबार । ठीक १२ बजे । सांस्कृतिक संस्थान, राष्ट्रिय नाचघरको मिनी सभाकक्ष, जमल ।

......................
**खेम थपलिया**
महासचिव
अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, केन्द्रीय समिति
सम्पर्क : ९८५१०६६२७०


- धुम्रपानको सेवनले स्वयं आफू, आफ्नो परिवार र वातावरणलाई नै श्वास–प्रश्वास रोगी बनाउँछ ।
- धुँवा, धुलो, मट्टितेलको खारबाट जोगिनु नै आकस्मिक श्वास–प्रश्वास रोग लाग्न नदिनु हो ।
- श्वास फेर्न गाह्रो हुनु, ज्वरो उच्च हुनु र कोखा हान्नु श्वास–प्रश्वास रोगका लक्षण हुन् ।
- श्वासप्रश्वासमा समस्या देखापरेमा नजिकको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क राख्नुपर्छ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौडा, तनहुँ

नियमित

# प्रचण्ड, शनि र महादेव



– भेषराज भुसाल

माओवादी केन्द्रका कैयौं नेता कार्यकताहरू कहाँ पुग्ने भनेको कहाँ आइपुगियो भनी निश्चित पनि देखिएका छन् तर नेतृत्वको चाकरी गरेर अवसरको खोजी गर्ने पद, पैसा र प्रतिष्ठानका लागि मात्र माओवादी बनेकाहरू अहिले सामाजिक सञ्जालदेखि चोक-चौराहामा प्रचण्डको महिमामण्डित गर्न व्यस्त देखिन्छन् र भन्ने गर्छन् यो देशका नेता प्रचण्ड नै हुन् । प्रचण्ड नभई यो देश नै चल्दैन । फुटेर जानेहरू सिद्धिए र प्रचण्डलाई अब कसैले केही गर्न सक्दैन आदि इत्यादि । को सिद्धिने हो ? सिद्धिनु भनेको के हो ? त्यो इतिहासले नै फैसला गर्ला । उनी नेतै होलान् उनीबिना यो दलाल संसदीय व्यवस्था नै नचल्ला । यी भनाइप्रति केही भन्नु छैन तर प्रचण्डलाई अब कसैले केही गर्न सक्दैन भन्ने भनाइले पौराणिक कथामा आधारित शनि र महादेवबीचको एउटा घटना याद दिलायो । त्यसै सम्बन्धमा दुईचार पंक्ति कोर्न मन लाग्यो ।

एक दिन महादेवको वासस्थान भनिएको कैलास दरबारमा देवऋषि भनिएका नारद आएछन् र बिन्ती गरेछन्- हे देवाधिदेव महादेव; अत्यन्त दुःखका साथ भन्न बाध्य भएको छु । शनि ग्रहको





वक्रदृष्टि तपाईंमाथि परेको छ, यसले अनिष्ट हुन सक्छ । बेलैमा बुद्धि पुऱ्याउनुहोला भनी 'नारायण नारायण'; भन्दै नारद त्यहाँबाट हिँडिहालेछन् । नारदको भनाइले महादेवलाई अत्यन्त चिन्तित तुल्याएछ । आखिरी के-के दान गऱ्यो भने शनि दशाबाट मुक्त हुन सकिएला भन्ने कुरा गम्भीर रूपमा सोच्न थालेछन् । पहिला आफ्नो शिरमा भएको चन्द्रमा शनिका नाममा दान गरेछन् । क्रमशः घाँटीको सर्प, त्रिशूल, डमरु सबै शनिका नाममा दान गरेछन् रे ! अब उनका साथमा इज्जत जोगाएको बाघको छाला मात्र बाँकी बचेछ । अब त्यो पनि दान दिने हो भने त नाङ्गै हुने भइयो । नाङ्गै बाटो कसरी हिँड्ने बडो दोधारमा परेछन् र अन्त्यमा जुक्ति लगाएछन् । यो छाला पनि शनिकै नाममा दान दिन्छु र झाडीमा लुकेर बस्छु भनी त्यो इज्जत ढाकेको बाघको छाला पनि फालेर झाडीमा लुकेर बसेछन् । त्यही बेला शनि उताबाट सेतो घोडामा चढेर आउँदै गरेको महादेवले देखेछन् र भनेछन् हे शनि ! अब तैँले मलाई के गर्न सक्छस् ?

महादेवको यस्तो कुरा सुनेर शनिले बडो गर्वका साथ भनेछ- तपाईं जस्तो देवादिदेव महादेवलाई कछाडसमेत फुकालेर नाङ्गै बनाएर झाडीमा पुऱ्याए । यहाँभन्दा बढी के गर्नु छ र ! भन्दै शनि आफ्नो बाटो लागेछ ।

उपर्युक्त आख्यानमा महादेवलाई शनिको त्रास भएजस्तै प्रचण्डलाई युद्ध-अपराधमा हेगमा पुऱ्याउने त्रासले सताइरह्यो । त्यसैले लाखौं कार्यकर्तालाई ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दर्शनद्वारा प्रशिक्षित गर्ने प्रचण्ड, भैंसी पूजा गर्न थाले । अध्यात्मवाद र भौतिकवादलाई समायोजन गर्ने प्रवचन दिन थाले । आफैँले निर्माण गरी प्रशिक्षित गरेको जनमुक्ति सेना र रगतले साटेका हतियार बुझाउन र विघटन गर्न पुगे । "खेत कसको जोत्नेको" नारा दिएर गयल जमिनदारका जग्गा कब्जा गर्ने निर्देशन जारी गरे । जमिनदारका जग्गा कब्जा गर्दा हजारौं गरिब किसानको रगत बग्यो । यसरी रगत बगाएर कब्जा गरेका जग्गाबिना नीतिबिना व्यवस्था गरिबका छाप्रामा डोजर लगाउने जमिनदारलाई जग्गा फिर्ता गर्ने फर्मान जारी गरे । गाउँ-गाउँमा जाँडरक्सीका घैँटा फुटाउन आदेश दिने प्रचण्ड आज आफैँ घैँटाजस्तै भएका छन् भनी व्यापक हल्ला भएको छ । बहुविवाह गर्नेलाई भाटे कारबाहीका साथ श्रमकैदको फैसला गर्ने प्रचण्ड आफ्नै घरमा बहुविवाहलाई न्यायोचित ठहऱ्याइरहेका छन् ।

निजी सम्पत्ति पार्टीकरण गर्दै सर्वहाराकरण गर्न नेता-कार्यकर्तालाई निर्देश गरेका प्रचण्ड अहिले अरबौंका सम्पत्तिका मालिक बनेका छन् । महान् जनयुद्धमा गाउँघरका आमा दिदी-बहिनीका नाक-कानका गहना निकालेर पार्टीलाई बुझाउन लगाएका प्रचण्डका घरमा अहिले कति सुन होला, त्यो अनुमानकै विषय छ । हिजो निजी विद्यालय बन्द गर्न लगाउने प्रचण्ड र उनका सहयोगीहरूले आज आफ्ना सन्तान उच्चस्तरीय निजी विद्यालयहरूमा पढाएका छन्, छैनन् दुनियाँले देखेकै होला ।

सिङ्गो नेपाली समाजलाई सबै प्रकारका शोषण, दमन, उत्पीडन र विभेद गर्ने बुर्जुवा पुँजीवादी व्यवस्थाको अन्त्य गरी राष्ट्रिय स्वाधीनतासहितको वर्गीय, जातीय, लैंगिक र क्षेत्रीय उत्पीडनको अन्त्य गर्दै नयाँ जनवाद वैज्ञानिक समाजवाद हुँदै विश्व मानव जातिलाई सबै प्रकारका बन्धनहरूबाट मुक्त पार्ने अभियानलाई नेपाली धर्तीबाट सुरुआत गर्ने उद्घोष गरेका थिए । कमरेड माओको मृत्युपश्चात अन्तर्राष्ट्रियस्तरको नेता बन्ने नेतृत्वको अभावलाई पूरा गर्ने आकांक्षासहित आफैँले शंलेषण गरेको 'प्रचण्डपथ' टुकुचामा फालेकी नारायणीमा बगाएर सीमापारि प्रभुकहाँ भेटी चढाए । भारतीय हस्तक्षेपका विरुद्ध सुरुङ युद्ध लड्ने उद्घोषका साथ सिमानामा बङ्कर खन्न लगाउने प्रचण्ड अहिले भारतीय साम्राज्यवादीका अगाडि लम्पसार पर्नु । १९५० लगायत असमान सन्धि-सम्झौता खारेज गर्ने, राष्ट्रलाई सार्वभौम स्वतन्त्र राष्ट्र बनाउनैका लागि जनयुद्धको एउटा कार्यभार बनाएका प्रचण्डले बिप्पा, अपर कणाली, अरुण तेस्रोजस्ता राष्ट्रघाती सम्झौता गर्नु आफैँले राजतन्त्रको अन्त्यपछिको प्रमुख दुश्मन किटान गरेका शक्तिसँग एक प्रकारको रणनीतिक एकता गर्नु त्यो पनि विदेशीकै निर्देशनमा यी सबै घटनाक्रमले प्रचण्ड कति स्खलित भए भन्ने कुराको पुष्टि गर्दछ ।

यसरी महादेव कछाड फालेर नाङ्गै भए जस्तै प्रचण्ड विचार, दर्शन जनता, पार्टी, फालेर नाङ्गै भएका छन् । एउटा विश्व सर्वहाराको महान् नेता बन्ने बाटोबाट विचलित भएर आफैँले जनयुद्धको सुरुआत गर्ने बेला ध्वंस पार्ने भनिएको संसदीय व्यवस्थामा चुर्लुम्म डुबेपछि अब कसैले केही गर्न सक्दैन त भन्ने गरिएको छ तर बुर्जुवाहरूले रसजति चुसेर खोस्टा बनाएर कुन बेला मलखादमा फालिदिने हुन वा हेगमा पुऱ्याइछाड्ने हुन् । अलिकति गम्भीर भएर सोच्दा राम्रै हुन्थ्यो कि ?

# नेकपाद्वारा मर्कन्टाइल पुनः कब्जा

■ भीमबहादुर खड्का/चितवन

असार २०, नेपाल कम्युनिस्ट पार्टी, चितवनले सोमबार बिहान ९ बजे खैरहनी नपास्थित (साविक कुमरोज) मा रहेको गोपाल राजभण्डारीको नामको ८४ बिगाहा जग्गामा पार्टीको झण्डा र ब्यानर गाडेर कब्जा गरेको चितवन जिल्ला इन्चार्ज लालबहादुर बिसीले प्रेस विज्ञप्ति मार्फत जानकारी गराएका छन् । जग्गा कब्जा गर्नुको कारण के हो भनी राखिएको प्रश्नको जवाफमा जिसीले भनेः विगतदेखि वर्तमानसम्म निरन्तर जग्गा कब्जामा रहेको र केही भ्रष्ट तथा भू-माफिया र तिनका मतियारहरूले किनबेच गर्न चलखेल गरेपछि त्यसलाई रोक्न वा प्रतिकारको लागि उक्त कदम चालिएको हो । यदि किनबेच गरिएमा नेकपाले जस्तोसुकै कदम चाल्नसक्ने पार्टीको चेतावनी रहेको छ । यसैबीच मंगलबार प्राप्त अर्को खबरअनुसार अखिल (क्रान्तिकारी) चितवनका नेता रमेश लामिछानेलाई चितवन प्रहरीले मंगलबार विहान पक्राउ गरेको खबर छ । उनलाई पूर्वि चितवनको खैरहनी चोकबाट पक्राउ गरेको नेकपा चितवन इन्चार्ज लालबहादुर विसीले बताएका छन् । लामिछानेलाई पर्सा इलाका प्रहरी कार्यालयमा राखिएको छ । पक्राउ गर्नुको कारण भने प्रहरीले खुलाएको छन् ।



जग्गा कब्जाको ब्यानर इन्सेटमा पक्राउ गरिएका विद्यार्थी रमेश लामिछाने

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजश्व विभागको

आर्थिक वर्ष २०७३/०७४ को आयकरको तेस्रो किस्ता वापतको रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ (संशोधनसहित) को दफा ९५ को उपदफा ४ बमोजिम आर्थिक वर्ष २०७३/०७४ को कारोबारको संशोधित अनुमानित करको विवरण पेस गर्नुपर्ने भए सो विवरण र आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा १ बमोजिम दाखिला गर्नुपर्ने अनुमानित करको तेस्रो किस्ता वापतको शतप्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम यही २०७४ असार मसान्तभित्रै ठूला करदाता कार्यालय वा आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा व्याजबाट बचौं ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

Khem Bdr. Hamal
Managing Director
9855065414
9855047677
9845024283

L. B. Auto Mobiles & Recondiction
Bharatpur-10, Airpoart Road, Chitwan



हामीकहाँ साना गाडीको सट्टा-पट्टा तथा खरिद बिक्री गरिन्छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजश्व विभागको

आर्थिक वर्ष २०७३/०७४ को लागि कारोबारमा आधारित करको अनुमानित विवरण तथा सोमा लाग्ने आयकरको दोस्रो (अन्तिम) किस्ता रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आर्थिक वर्ष २०७३/०७४ मा आयकर ऐन, २०५८ (सं.स.) को दफा ९४ को उपदफा (१ क) बमोजिम कारोबारको आधारमा आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने करतादाहरूले दफा ९५ बमोजिम आर्थिक वर्ष २०७३/०७४ को कारोबारको अनुमानित करको विवरण र आयकरको दोस्रो (अन्तिम) किस्ता वापतको २०७४ असार २० गतेसम्म भएको कारोबारको आधारमा ऐनको अनुसूचि १ को दफा १ को उपदफा (१७) बमोजिम तोकिएको दरले हुन आउने रकम यही २०७४ असार मसान्तभित्रै सम्बन्धित आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा व्याजबाट बचौं ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

निर्देशक : अनिल शर्मा, प्रवन्ध निर्देशक : भिमप्रसाद चापागाई, प्रवन्ध सम्पादक : चिन्तामणि घिमिरे, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, Email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ